प्रदेश सरकार

प्रदेश नं. ५

उद्योग, पर्यटन बन तथा वातावरण मन्त्रालय

# पाल्पा दरबार संग्रहालय

तानसेन, पाल्पा



# पाल्पा दरबार संग्रहालयको स्तरोन्नती गर्ने बारेको गुरुयोजनाको अन्तिम प्रतिवेदन

प्रस्तावकः एरिना डेभलोपमेन्ट कन्सल्ट प्रा.लि.

का.म.न.मा-१६, बालाजु

२०७७

विषय-सूची


१. पृष्ठभूमी १

१.१ परिचय १

१.२ गुरुयोजनाको उद्देश्य २

१.३ अध्ययनको विधि ३

१.४ अध्ययनको सीमा/क्षेत्र ३

१.५ अपेक्षित परिणाम ३

२. पाल्पा दरवार संग्रहालयको वर्तमान अवस्था ५

२.१ संग्रहालय भवन एवं प्रदर्शनी कक्षहरुको वर्तमान अवस्था ५

२.२ संकलित एवं प्रदर्शित सामाग्रीहरुको प्रकृति र प्रदर्शनी ५

२.३ संग्रहालय प्रदर्शनीको अवस्था ५

२.४ सेवा/सुविधा ६

२.५ व्यवस्थापकीय पक्ष र जनशक्तिको अवस्था ६

३. समस्याहरूको पहिचान एवं गुरुयोजनाको आवश्यकता ७

३.१ संग्रहालयको प्रकृति एवं विषय **(Theme)** स्पष्ट नहुनु ७

३.२ सामग्री संकलन सम्बन्धी समस्या ७

३.३ संग्रहालय प्रदर्शनी सम्बन्धी समस्या ७

३.४ संकलित एवं प्रदर्शित वस्तुहरूको पूर्ण विवरणसूचीको अभाव ८

३.५ संग्रहालय सेवा सुविधा ८

३.६ संग्रहालय प्रवर्द्धन सम्बन्धी क्रियाकलाप ८

३.७ व्यवस्थापकीय एवं जनशक्ति सम्बन्धी समस्या ८

४. चुनौती, संभावना एवं अवसर १०

४.१ सवल पक्ष १०

४.२ कमजोर पक्ष १०

४.३ चुनौतीहरु ११

४.४ अवसर एवं संभावना ११

५. संग्रहालयको स्तरोन्नती एवं प्रवर्द्धन सम्बन्धी प्रस्ताव एवं सुझावहरु १२
५.१ संग्रहालयको मुख्य विषय (**Theme**) १२
५.२ वर्तमान संग्रहालय भवनको उपयोग सम्बन्धी प्रस्ताव १४
५.२.१ तलाहरूको विषय एवं उपयोग १४
५.३ वर्तमान प्रदर्शनीको सुधार १५
५.३.१ प्रदर्शनी कक्षहरुको **Layout** १५
५.३.२ सो-केशहरुको निर्माण एवं रि-मोडलिङ १५
५.३.३ परिचय-पत्र/पाटी **(Labels)** १६
५.३.४ प्रकाश **(Light)** १७
५.४ सामग्री संकलन सम्बन्धी सुझाव १७
५.४.१ सामाग्री संकलन एवं प्राप्ति १७
५.४.२ सामग्री सङ्कलन गर्ने तरिका तथा प्रक्रिया १८
५.५ विवरणसूची **(Inventory)** १९
५.६ संरक्षण सुरक्षा २०
५.७ संग्रहालय अवलोकन मार्ग २१
५.८ सेवा सुविधा २१
५.८.१. टिकट काउन्टर र सूचना केन्द्र २१
५.८.२ क्यान्टिन २१
५.८.३ श्रव्य-दृष्य र सभाहल २२
५.८.४ संग्रहालय गाइड २२
५.८.५ अवलोकनकर्ताहरुलाई आराम गर्ने ठाउँ २२
५.८.६ उपहार पसल २२
५.८.७ फोटो बुथ २२
५.९ प्रवर्द्धन सम्बन्धी कार्यहरु २३
५.९.१ प्रचार/प्रसार २३
५.९.२ पुस्तकालय २३
५.९.३ अध्ययन-अनुसन्धान २३

५.९.४ संग्रहालय शिक्षा २३
५.९.५ गाइडबूक लेखन एवं प्रकाशन २३
५.९.६ समाजसंग सम्बन्ध स्थापना २३
५.९.७ अन्तर्राष्ट्रिय संघ-संस्थासंग सम्बन्ध स्थापना २४
५.१० संग्रहालय परिसरको स्तरोन्नती २४

सन्दर्भ सामाग्री
अनुसूची
अनुसूची १ः प्रस्तावित कार्यहरु कार्यान्वयनको कार्ययोजना
अनुसूची २ः अवलोकनकर्ताको राय संकलन
अनुसूची ३ः पाल्पा दरवार संग्रहालय मा दरबन्दि कायम कर्मचारीहरुको विवरण
अनुसूची ४:
(क) प्रदेश नं. ५ को परिचय
(ख) पाल्पाको राजनैतिक इतिहास
(ग) खस आर्यसम्बन्धी कक्ष
(घ) नेवार समुदायसम्बन्धी कक्ष
(ङ) मगर समुदायसम्बन्धी कक्ष
(च) थारु समुदायसम्बन्धी कक्ष
(छ) मुस्लिम समुदायसम्बन्धी कक्ष
(ज) पहाड र तराईका विशिष्टिकृत सीप एवं पेशागत जातीय समुदायहरुको संस्कृतिसम्बन्धी प्रदर्शनी
(झ) विभिन्न जातिको शारीरिक आकृति **(Mannequin)**
(ञ) संग्रहालय प्रदर्शनीमा राखिने परिचय पाटीहरुको आकार प्रकार र सामाग्री
(ट) **Audio/Visual** का विषयवस्तुहरु
(ठ) सामाग्री संकलन नमूना फाराम
अनुसूची ५ः तस्वीरहरु
अनुसूची ६ः नक्साहरु

# १. पृष्ठभूमी

## १.१ परिचय

संग्रहालयहरु त्यस्ता संस्था हुन्, जसले ऐतिहासिक, सांस्कृतिक, प्राविधिक, वैज्ञानिक वस्तुहरु, तथा मानव ज्ञान सीपको दृष्टिकोणबाट महत्वपूर्ण वस्तुहरुको मानव हितका लागि त्यस्ता वस्तुहरुको प्राप्ती वा संकलन, प्रदर्शनी, संरक्षण, अध्ययन-अनुसन्धान सम्वन्धी काम गर्दछन् र गराउँदछन् । संग्रहालयले यस्ता महत्वपूर्ण वस्तु आगन्तुक अर्थात् Visitor सम्म पुऱ्याउने सेतुको काम गर्दछन् । अर्थात् महत्वपूर्ण वस्तुहरुको संकलन र प्रदर्शनीको माध्यमबाट त्यस्ता वस्तुहरुलाई सर्वसाधारण समक्ष पुऱ्याउने काम गर्दछन् संग्रहालयहरुले । तर आधुनिक संग्रहालयको परिभाषा एवं उद्देश्य यतिमा मात्र सिमित हुँदैन । आधुनिक संग्रहालयको अर्थ, उद्देश्य तथा परिभाषालाई व्यापक अर्थमा हेर्न थालिएको छ । आधुनिक संग्रहालयको भूमिका केवल महत्वपूर्ण वस्तुहरुको संकलन, प्रदर्शनी एवं संरक्षण गर्नुमा मात्र सिमित नभई संग्रहालयलाई एउटा शैक्षिक केन्द्रको रुपमा विकास गर्नु पनि हो । अर्थात् कुनै निश्चित क्षेत्रको, देशको, समुदायको कलात्मक, सांस्कृतिक तथा अन्य विधाका वस्तुहरुको वारेमा प्रदर्शनी एवं जानकारीमूलक सूचनाको माध्यमबाट मानवको ऐतिहासिक, सांस्कृतिक, सामाजिक, वैज्ञानिक आदि विकासक्रमको वारेमा सर्वसाधारणलाई जानकारी दिनु हो । कुनै जातिय एवं लैङ्गिक विभेद नगरी सवै वर्ग समुदायको पहुँच र प्रवेश सुनिश्चितताका साथ परम्परागत एवं आधुनिक ज्ञान तथा सीपका उपलब्धीलाई आगन्तुक समक्ष पुऱ्याउने शैक्षिक संस्थाकोरुपमा विकास भइरहेका छन् आधुनिक संग्रहालयहरु । तसर्थ संग्रहालयहरु एउटा अनौपचारिक पाठशाला हुन् । संग्रहालयमा प्रस्तुत दृष्टान्तहरु तथ्यपरक एवं खुल्ला किताब जस्तै हुन्छन् । संस्कृति, इतिहास, कला, वास्तुकला तथा विज्ञान आदिको वारेमा एकै थलोमा जानकारी दिने महत्वपूर्ण संस्था हुन् । शैक्षिक जानकारीको अतिरिक्त मनोरञ्जनका केन्द्र पनि हुन् संग्रहालयहरु । संग्रहालयहरु मानवीय आवश्यकताको विषय भइसकेका छन् । यस सन्दर्भमा संग्रहालयको प्रचलित परिभाषा उल्लेख गर्नु सान्दर्भिक हुन्छ ।

The international definition of museums is as follows: A museum is a non-profit, permanent institution in the service of society and its development, open to the public, which acquires, conserves, researches, communicates and exhibits the tangible and intangible heritage of humanity and its environment for the purposes of education, study and enjoyment.[1]

Based on this definition, the functions of a museum of the 21$^{st}$ CE should embrace; collection, preservation and conservation, research, exhibition and display, education and entertainment, publication and promotion of the collection of the museum and the museum as a whole.

नेपालको सन्दर्भमा संग्रहालयको ईतिहास त्यति पुरानो छैन । काठमाडौंको छाउनी स्थित हालको राष्ट्रिय संग्रहालय वि.सं. १९९५ मा "नेपाल म्यूजियम" नामाकरण गरी स्थापना भएको नेपालको पहिलो संग्रहालय हो । त्यसपछि अर्थात् झण्डै २२ वर्ष पछि २०१७ सालमा भक्तपुरमा राष्ट्रिय कला संग्रहालय, २०१९ मा पाटनमा धातुकला संग्रहालय (हालको पाटन संग्रहालय) स्थापना भए । त्यस्तै चालिसको दशकमा नेपाल सरकारको सबै विकास क्षेत्रहरुमा जातीय क्षेत्रीय

संग्रहालय स्थापना गर्ने योजना अन्तरगत धनकुटा, पोखरा एवं सुर्खेतमा क्षेत्रीय संग्रहालयहरु स्थापना भए । यस संगसंगै धेरै जातीय संस्कृतिसम्बन्धी संग्रहालयहरु पनि स्थापना भए र यो क्रम जारी छ ।

नेपालमा संग्रहालय विकासको यहि पृष्ठभूमिमा पाल्पा दरवार संग्रहालयलाई हेरिनु पर्दछ । २०७२ सालमा नेपालको संविधान जारी भएसंगै नेपाल संवैधानिक रुपमा संघीय राज्य प्रणालीमा प्रवेश गरेको छ र संविधानले तीन तहको सरकार- संघीय, प्रादेशीक र स्थानीय सरकारको व्यवस्था गरेको छ । यसै प्रशासनिक संरचना अनुसार संघीय, प्रादेशिक, एवं स्थानीय संग्रहालयहरु स्थापना गर्न सकिन्छ । यस क्रममा पाल्पा दरवार संग्रहालयलाई प्रदेश नं. ५ को प्रादेशीक संग्रहालयको रुपमा हेर्न सकिन्छ ।

हाल प्रदेश नं. ५ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तरगत रहेको यो संग्रहालय वि. सं. २०७३ सालमा स्थापना भएको थियो । सरकारी स्तरबाट स्थापित यो सबैभन्दा कान्छो संग्रहालय हो । यो संग्रहालय संग्रहालयकै प्रयोजनका लागि निर्माण भएको भवनमा नभई आवासीय प्रयोजनको लागि निर्माण भएको ऐतिहासिक पाल्पा दरवारलाई संग्रहालयमा रुपान्तरण गरिएको हो । तसर्थ संग्रहालय प्रदर्शनीका आधुनिक सिद्धान्त अनुसार प्रदर्शनीको व्यवस्था मिलाउन गाह्रो हुन्छ, संग्रहालयले आफ्नै तरिकाले संकलित वस्तुहरुको प्रदर्शनीको व्यवस्था गरेको छ । पूर्व एवं पर्याप्त तयारी तथा योजना बिना नै संग्रहालय खोलिएको हुँदा केही समस्याहरु देखिने नै भए । जस्तो यस संग्रहालयको संग्रहालय प्रदर्शनीलाई प्रभावकारी एवं आकर्षक बनाउन सकिएको छैन । प्रदर्शनीको लागि आवश्यक सामाग्रीहरु संकलन एवं प्राप्त गर्न समस्या देखिएको छ । मुख्य कुरा यस संग्रहालयको प्रकृति एवंमुख्य विषय किटान हुन सकेको छैन । संग्रहालय सेवा सुविधा एवं प्रवर्धन सम्बन्धी कार्य गर्न सकिएको छैन । विषयगत जनशक्तिको अभाव छ । यी समस्याहरुको संवोधन गरी यस संग्रहालयको स्तरोन्नती गरी एउटा आकर्षक एवं स्तरीय संग्रहालयकोरुपमा विकास गर्न एउटा विशेष एवं प्रभावकारी कार्ययोजनाको आवश्यकता देखिएको छ । त्यस्तो आवश्यकता यस गुरुयोजना/ कार्ययोजनाले पुरा गर्न सक्ने विश्वास गरिएको छ । गुरुयोजनाले प्रस्ताव गरेका कार्यक्रमहरु प्रभावकारीरुपमा कार्यान्वयन हुन सके यस संग्रहालयलाई प्रदेश नं. ५ को इतिहास एवं संस्कृतिको प्रतिनिधित्व गर्ने संग्रहालयकोरुपमा विकास गर्न सकिने प्रचुर संभावना रहेको छ ।

## १.२ गुरुयोजनाको उद्देश्य

यस गुरुयोजनाको निम्न दुई उद्देश्यहरु रहेका छन्-

### क) मुख्य एवं दीर्घकालीन उद्देश्य

पाल्पा दरबार संग्रहालयलाई प्रदेश नं. ५ को इतिहास एवं संस्कृतिको प्रतिनिधित्व गर्ने प्रादेशिक संग्रहालयकोरुपमा विकास गर्न विशेष कार्यक्रमहरु प्रस्ताव एवं सिफारिस गर्नु ।

### ख) तात्कालीन उद्देश्य

दीर्घकालीन एवं मुख्य उद्देश्यलाई समेत सहयोग पुग्ने गरी वर्तमान संग्रहालय प्रदर्शनीको सुधार एवं विस्तार, विभिन्न कक्षहरुको उपयोग, संग्रहालय परिसरको स्तरोन्नतीका लागि व्यवहारिक एवं सैद्धान्तिक कार्यक्रमहरुको तय गर्नु एवं प्रस्ताव गर्नु रहेको छ ।

## १.३ अध्ययनको विधि

यस अध्ययनको प्रयोजनका लागि निम्न विधि अवलम्वन गरिएको छ-

**(क) स्थलगत अवलोकन भ्रमण**

यस अध्ययनको प्रयोजनका लागि वर्तमान संग्रहालय भवन, यसका कक्षहरुको स्वरुप, आकार-प्रकार, प्रदर्शनीको प्रकृति र वर्तमान अवस्था, प्रदर्शित एवं संकलित सामाग्रीहरुको प्रकृति आदिको वारेमा जानकारी लिन विषयगत विज्ञहरुबाट संग्रहालयको पटक-पटक अध्ययन अवलोकन भ्रमण गरिएको छ ।

**(ख) प्रकाशित/अप्रकाशित साहित्यको अध्ययन**

पाल्पा दरवार संग्रहालय, पाल्पा क्षेत्र, एवं प्रदेश नं. ५ को इतिहास एवं संस्कृति सम्बन्धी र संग्रहालय व्यवस्थापन एवं प्रदर्शनीसंग सम्बन्धित प्रकाशित/अप्रकाशित सामाग्रीहरुको अध्ययन गएिको छ ।

**(ग) सरोकारवालाहरुसंग छलफल**

पाल्पा संग्रहालयका पदाधिकारीहरु लगायत अन्य सरोकारवालाहरुसंग छलफल गरिएको छ ।

**(घ) विषयगत विज्ञ/विशेषज्ञहरुवीच छलफल**

यस कार्यसंग प्रत्यक्षरुपमा संलग्न विषयगत विज्ञ/विशेषज्ञहरुवीच छलफल परामर्श गरिएको छ ।

**(ङ) चर्चित एवं पुराना संग्रहालयहरुको अवलोकन**

काठमाडौं स्थित नेपालको सबैभन्दा पुरानो राष्ट्रिय संग्रहालय, स्तरीय प्रदर्शनीको व्यवस्था भएको पाटन संग्रहालय, अत्यधिक अवलोकनकर्ताहरुले रुचाएको नारायणहिटी दरबार संग्रहालय आदिको अवलोकन गरिएको छ ।

## १.४ अध्ययनको सीमा/क्षेत्र

यस अध्ययनको मुख्य क्षेत्र पाल्पा दरवार संग्रहालय, संग्रहालय भवन, संग्रहालय परिसर प्रदर्शित एवं संकलित वस्तु एवं तिनको प्रकृतिको अध्ययन एवं संग्रहालयको स्तरोन्नतीका लागि आवश्यक अध्ययन गरी स्तरोन्नतीका लागि कार्ययोजना पेश गर्नु, ग्यालरी डिजाइन गर्नु, वर्तमान संग्रहालय भवनका विभिन्न कक्षहरु के-के प्रयोजनका लाीग उपयोग गर्न उपयुक्त हुन्छ भन्ने वारेमा अध्ययन गर्नु हो ।

पाल्पा दरबार संग्रहालयको अध्ययनको क्रममा पर्याप्त सामाग्रीहरुको अभाव महसुस भएको छ । विश्वव्यापिरुपमा फैलिएको कोरोना भाइरस संक्रमण (COVID-19)को कारणले पर्याप्त मात्रामा स्थलगत अवलोकन र सरोकारवालाहरुसंग छलफल हुन सकेन ।

## १.५ अपेक्षित परिणाम

यो गुरुयोजना कार्यान्वयन हुँदा निम्न परिणामहरु निस्कने अपेक्षा गरिएको छ-

क. पाल्पा दरवार संग्रहालय प्रदेश नं. ५ कै प्रतिनिधिमूलक संग्रहालय हुन सक्ने,

ख. संग्रहालय प्रदर्शनीलाई प्रचलित मूल्य मान्यता एवं सिद्धान्त अनुसार व्यवस्थित हुने,

ग. संग्रहालयका वर्तमान कक्षहरुको सही सदुपयोग हुने,

घ. संग्रहालय परिसरको खुल्ला क्षेत्रको सही सदुपयोग हुने,

ङ. संग्रहालय प्रदर्शनीको अतिरिक्त पाल्पा दरवार संग्रहालयलाई एउटा शैक्षिक र मनोरञ्जन केन्द्रको रुपमा विकास गर्न सघाउ पुग्ने,

च. समग्रमा पाल्पा संग्रहालय यस क्षेत्रकै आकर्षक एवं महत्वपूर्ण संग्रहालयको रुपमा विकास हुने ।

# २. पाल्पा दरवार संग्रहालयको वर्तमान अवस्था

## २.१ संग्रहालय भवन एवं प्रदर्शनी कक्षहरुको वर्तमान अवस्था

एउटा संग्रहालय स्थापना गर्न तथा खोल्न पहिलो अनिवार्य एवं आवश्यकीय सर्त हो संग्रहालय भवन । संग्रहालय भवनको वास्तु संरचना यस्तै हुनुपर्दछ भन्ने सर्वमान्य सिद्धान्त छैन तर पनि प्रस्तावित संग्रहालयको प्रकृति तथा संग्रहालयको प्रदर्शनीको विषयवस्तु एवं स्थानीय वास्तुकला अनुसारको संग्रहालय भवन पनि निर्माण गरिन्छ । प्रस्तावित संग्रहालयको थेम वा विषयवस्तु जेसुकै भएपनि ऐतिहासिक संरचनाहरुलाई संग्रहालय प्रदर्शनीमा रुपान्तरण गर्ने गरेको पाइन्छ । नेपालकै र विश्वव्यापि सन्दर्भमा धेरै ऐतिहासिक दरबारहरुलाई संग्रहालयमा रुपान्तरण गरिएको छ । छुट्टै प्रयोजनका लागि निर्माण भएका यस्ता ऐतिहासिक संरचनाहरुलाई संग्रहालयमा रूपान्तरण गर्दा संग्रहालय प्रदर्शनीका सिद्धान्त एवं मूल्य मान्यताअनुसार प्रदर्शनीको व्यवस्था मिलाउन केही असहज पनि हुने गर्दछ । स्मारक संरक्षण सिद्धान्त अनुसार यस्ता ऐतिहासिक संरचनाको मौलिकता, स्वरूप एवं आकार-प्रकारमा परिवर्तन गर्नु हुँदैन र थप निर्माण कार्य गर्नु हुँदैन तसर्थ उपलब्ध स्थानमा नै प्रस्तावित संग्रहालय एवं प्रदर्शनी व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसै पृष्ठभूमिमा पाल्पा दरबार संग्रहालयलाई हेरिनु पर्दछ । पाल्पा दरबार संग्रहालय भवन पनि एउटा ऐतिहासिक संरचना हो । यो दरबार आवासीय प्रयोजनका लागि निर्माण भएको काठमाडौं उपत्यका बाहिरको Neo-classical वास्तुशैलीको उत्कृष्ट उदाहरण हो । यो संरचना संग्रहालय प्रयोजनका लागि निर्माण भएको होइन । संग्रहालय प्रदर्शनीमा रुपान्तरण गरिएको मात्र हो । यो संरचना १०२४०.५३ वर्गफिट क्षेत्रमा फैलिएको छ । चारैतिर संरचनाहरू निर्माण गरी बीचमा चोक रहेको छ । यो संरचनाका भुइँतला सहित तीन तला रहेका छन् । यस संरचनामा साना-ठूला गरेर बत्तिस वटा कक्षहरू रहेका छन् । एउटा संग्रहालय सञ्चालनको लागि पर्याप्त ठाउँ उपलब्ध छ । साथै संग्रहालय भवनको अवस्थिति पनि उपयुक्त स्थानमा अर्थात् सहजै पहुँच भएको ठाउँमा रहेको छ ।

## २.२ संकलित एवं प्रदर्शित सामाग्रीहरुको प्रकृति र प्रदर्शनी

प्रर्दशनीमा राखिने सामग्रीहरु नै एउटा संग्रहालयको आत्मा हुन् । अबलोकनकर्ताहरु संग्रहालय प्रदर्शनीमा राखिएका महत्वपूर्ण सामग्रीहरु अवलोकनको गर्न, जानकारी लिन, अध्ययन गर्न एवं त्यस्ता वस्तुहरुको हेरेर आनन्द लिन आएका हुन्छन् । संग्रहालयको मुख्य थेम एवं उद्देश्यअनुसार सामग्रीहरूको संकलन, प्राप्ति तथा प्रदर्शनीको व्यवस्था मिलाइएको हुन्छ ।पाल्पा दरबारको वर्तमान प्रदर्शनीमा राखिएका सामग्रीहरु हेर्दा मिश्रित प्रकृतिका छन् । साविक पाल्पा राज्यको ऐतिहासिक विवरण अर्थात सेनवंशी राजाहरुको विवरण, जनजातिको संस्कृतिसम्बन्धी सामग्रीहरु खासगरी पाल्पा तथा आसपासको क्षेत्रमा प्राचीन समयदेखि बसोबास गर्दै आएको मगर जातिको संस्कृति सम्बन्धी सामग्रीहरू, पाल्पा तानसेनमा निर्मित धातुका भाँडाकुँडाहरु यस क्षेत्रका महत्वपूर्ण स्मारकहरू एवं जीवन्त संस्कृतिसम्बन्धी तस्बिरहरु प्रदर्शनीमा राखिएका छन् । यसरी विषयगत एवं विधागत रुपमा हेर्दा इतिहास, जातीय संस्कृति कला, वस्तु, मूर्त/अमूर्त संस्कृति सम्बन्धी सामाग्रीहरु रहेका छन् ।

## २.३ संग्रहालय प्रदर्शनीको अवस्था

संग्रहालयमा संकलित वस्तु वा सामग्रीहरुलाई अवलोकनकर्ता तथा सर्वसाधारण समक्ष पुऱ्याउने प्रभावकारी माध्यम नै संग्रहालय प्रदर्शनी हो । संग्रहालय प्रदर्शनीले प्रदर्शित वस्तु र आगन्तुक एवं सर्वसाधारणबीच सेतुको काम गर्दछ । तसर्थ संग्रहालय प्रदर्शनी आकर्षक, प्रभावकारी एवं जबर्जस्त किसिमको हुनु आवश्यक मात्र होइन अनिवार्य नै हुन्छ । प्रदर्शनीमा राखिने वस्तुको प्रकृति एवं आकार-प्रकारको आधारमा सोहीअनुसारको सोकेश, पेडस्टल, प्यानलबोर्डको डिजाइन एवं निर्माण, प्रकाश एवं Background colour को संयोजन गरी आकर्षक तरिकाले प्रदर्शनीको व्यवस्था गर्ने गरिन्छ । पाल्पा दरबार संग्रहालयको वर्तमान प्रदर्शनीको अवलोकन गर्दा सामान्य प्रकृतिको देखिन्छ । अवलोकनकर्ताहरुले सर्वप्रथम पाल्पाको इतिहासको बारेमा जानकारी लिनेगरी संग्रहालय अवलोकनमार्ग निर्धारण गरिएको छ । यस कक्षमा लिखित सामाग्रीहरु मार्फत पाल्पामा शासन गर्ने सेन वंशी राजाहरूको वंश विवरण प्रस्तुत गरिएको छ तर भित्तामा झुण्ड्याइएका यी परिचय-पत्रका अक्षर ज्यादै साना भएकाले पढ्न अप्ठेरो हुने गरी राखिएको छ । त्यस्तै मगर जातिको जातीय संस्कृतिसम्बन्धी प्रदर्शनी कक्ष अवलोकन गर्दा प्रदर्शीत सामग्रीको प्रकृतिको आधारमा सोकेशको डिजाइन नभएको जस्तो देखिन्छ । संग्रहालय प्रदर्शनीमा राखिएका विभिन्न विषयसंग सम्बन्धित तस्विरहरु त्यति स्तरीय देखिएका छैनन् र आकार-प्रकार पनि संग्रहालय प्रदर्शनीमा राखिने आकार भन्दा केही साना छन् ।

## २.४ सेवा/सुविधा

एउटा संग्रहालयले भिजिटरहरुलाई उपलब्ध गराउनुपर्ने पर्याप्त सेवा सुविधा उपलब्ध गराउन नसकिएको अवस्था छ । हाल संग्रहालय भवन बाहिर सामान्य क्यान्टिन रहेको छ, यो पनि भिजिटर लक्षित भन्दापनि संग्रहालयका स्टाफ लक्षित जस्तो देखिन्छ । त्यस्तै संग्रहालय भवन भित्र र बाहिर केही शौचालयहरु रहेका छन् तर तिनीहरूको पनि थप सुधारको खाँचो छ ।

## २.५ व्यवस्थापकीय पक्ष र जनशक्तिको अवस्था

हाल यो संग्रहालय प्रदेश नं. ५ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहेको छ ।संग्रहालय सञ्चालनको वर्तमान जनशक्तिलाई हेर्दा विषयगत दक्ष जनशक्ति एकजना पनि नभएको अवस्था छ ।हाल संग्रहालयको स्थायी दरबन्दीमा एकजना लेखापाल मात्र रहेको अवस्था छ भने संग्रहालय प्रमुखको रुपमा पाल्पा जिल्ला वन कार्यालयका प्रमुखले सम्हालिरहेको अवस्था छ । संग्रहालयको दैनिक कार्य संचालनको लागि आवश्यक अन्य कर्मचारीहरु करारमा लिएर संग्रहालय सञ्चालन गरिरहेको अवस्था छ ।

# ३. समस्याहरूको पहिचान एवं गुरुयोजनाको आवश्यकता

प्रस्तुत गुरुयोजनाको यस भागमा पाल्पा दरबार संग्रहालयको व्यवस्थापन, प्रदर्शनी सेवा सुविधालगायत दरबारको विभिन्न समस्याहरूको पहिचान गर्ने प्रयास गरिएको छ ताकि गुरुयोजनाले त्यस्ता विद्यमान समस्याहरुलाई संबोधन गर्न सकोस र यस संग्रहालयको प्रभावकारी व्यवस्थापन गर्न सकियोस । साथै यस खण्डमा दीर्घकालीनरूपमा यसको स्तरोन्नतिका लागि गुरुयोजनाको आवश्यकताको बारेमा चर्चा गरिनेछ ।

## ३.१ संग्रहालयको प्रकृति एवं विषय (Theme) स्पष्ट नहुनु

यस संग्रहालयको प्रर्दशनीमा राखिने वस्तु एवं सामग्रीहरूको कुरा गर्दा सर्वप्रथम त संग्रहालयको उद्देश्य, प्रकृति एवं थेम स्पष्ट हुनु आवश्यक हुन्छ । यस संग्रहालयलाई Ethnographic museum को रुपमा वा कला संग्रहालयको रुपमा वा ऐतिहासिक संग्रहालयको रुपमा वा मिश्रित संग्रहालयको रुपमा विकास गर्न खोजिएको हो, स्पष्ट उद्देश्यका साथ स्थापित भएको पाइँदैन । यो नै मुख्य समस्या हो ।

## ३.२ सामग्री संकलन सम्बन्धी समस्या

हाल यस संग्रहालयको प्रदर्शनीमा राखिएका जातीय समुदायको संस्कृति एवं दैनिक जीवन पद्धतिसँग सम्बन्धित सामग्रीहरु अधिकांश बजारबाट खरिद गरिएका बिल्कुल नयाँ वस्तुहरु प्रदर्शनीमा राखिएका छन्, जसले जातीय समुदायहरूको मौलिक संस्कृतिको झझल्को दिन सकिरहेका छैनन् । संग्रहालयका पदाधिकारीहरूसँगको छलफलको क्रममा सम्बन्धित जातीय समुदायहरुसँग सम्पर्क गर्दा सम्बन्धित जिल्ला समन्वय समितिहरु मार्फत अनुरोध गर्दा पनि संग्रहालय प्रदर्शनी प्रयोजनकालागि सामग्रीहरु प्राप्त हुन नसकेको व्यहोरा जानकारी हुन आएको छ । कस्ता-कस्ता प्रकृतिका सामग्रीहरुको संकलन गर्ने भन्ने अन्योलमा रहेको महसुस भएको छ ।

## ३.३ संग्रहालय प्रदर्शनी सम्बन्धी समस्या

संग्रहालय प्रदर्शनीका सर्वमान्य सिद्धान्तहरु नभए पनि यसका केही प्रचलित मूल्य मान्यताहरु अवश्य हुन्छन् । जस्तो प्रदर्शनीमा राखिने सामग्रीको प्रकृति, आकार-प्रकारको आधारमा सोकेशको डिजाइन, प्रकाश एवं Background color को संयोजन, Eye level maintain प्रष्ट एवं Visitor को आँखा सजिलै पर्ने ठाउँ, सजिलै पढ्न सक्ने लेवल, क्याप्सन राख्नु आदि । यी सबै कुराको प्रभावकारी संयोजनबाट एउटा संग्रहालय प्रदर्शनीलाई आकर्षक बनाउन सकिन्छ र धेरैभन्दा धेरै अवलोकनकर्ताहरुलाई आकर्षित गर्न सकिन्छ । पाल्पा दरबार संग्रहालयको वर्तमान प्रदर्शनीलाई हेर्दा ज्यादै प्रारम्भिक चरणमा भएको महसुस हुन्छ । माथि उल्लेख गरिएजस्तै पहिले सोकेशको डिजाइन एवं निर्माण गरेर प्रदर्शनीका लागि सामग्री संकलन गर्ने गरेको जस्तो देखिन्छ । अर्थात प्रदर्शनीमा राखिने सामग्रीहरूको प्रकृति, आकार-प्रकारको आधारमा सोकेशहरुको डिजाइन गरेको पाइदैन । उदाहरणका लागि स-साना वस्तुहरू र ठूला आकारका सामाग्रीहरुका लागि एकै डिजाइनका सोकेशहरु बनाइएका छन् । त्यसले गर्दा स-साना वस्तुहरुलाई फोकस हुनसकेको छैन भने अर्कातिर प्रदर्शित वस्तु र सोकेशको ढकन बीचको खाली ठाउँले प्रदर्शनीलाई खल्लो बनाएको

छ । समग्रमा हेर्दा प्रदर्शित वस्तुहरूको प्रकृति एवं आकार-प्रकारका आधारमा सोकेशहरूको डिजाइन हुनसकेको छैन ।

पाल्पाका सेनवंशी राजाहरुको बारेको जानकारीमूलक सामग्री राखिएको सानो कक्षमा धेरै सामग्रीहरू राखिएकोले यो कक्ष आकर्षक एवं प्रभावकारी बन्न सकेको छैन । त्यस्तै इतिहास लेखिएका परिचय-पत्रहरु आकारमा ज्यादै स-साना र अक्षरहरु पनि ज्यादै स-साना पढ्नै नसकिने खालका छन् जसले अवलोकनकर्ताहरुलाई आकर्षित गर्न नसकिरहेको अवस्था छ ।

प्रदर्शित वस्तुहरूमा राखिने लेवल एवं क्याप्सनहरु दर्शकहरुलाई प्रदर्शित वस्तुको बारेमा जानकारी दिने महत्वपूर्ण स्रोत हुन् । तसर्थ संग्रहालय प्रदर्शनीमा क्याप्सन एवं लेवलहरूको अहं भूमिका रहन्छ । लेबल र क्याप्सन राख्दा सकभर दर्शकको आँखा सजिलै पुग्ने ठाउँमा हुनुपर्दछ । कस्ता-कस्ता वस्तुहरूमा कस्ता प्रकारका, केमा बनेका, कसरी र कहाँ लेबल राख्ने, के-कति जानकारी दिने भन्ने कुराहरुलाई लेबल एवं क्याप्सनको डिजाइन गर्दा अनिवार्य रूपमा ध्यान दिनुपर्दछ । पाल्पा दरबार संग्रहालयमा प्रदर्शित वस्तुहरुमा राखिएका क्याप्सनहरुलाई पूरा ध्यान दिइएको पाइँदैन ।

## ३.४ संकलित एवं प्रदर्शित वस्तुहरूको पूर्ण विवरणसूचीको अभाव

एउटा संग्रहालयको महत्वपूर्ण कार्य मध्ये एक हो आफ्नो संकलनमा रहेका Reserve collection र प्रदर्शनीमा राखिएका वस्तुहरूको पूर्ण एवं अध्यावधिक विवरण सूची तयार गर्नु । यस्तो विवरणसूचीमा त्यस्ता Collection र प्रदर्शित वस्तुहरुको बारेका सम्पूर्ण जानकारी समावेश भएको हुनु पर्दछ । पाल्पा दरबार संग्रहालयको सन्दर्भमा सामग्रीहरूको सामान्य सूची तयार भएको त पाइयो तर सूचीकृत वस्तुको सम्पूर्ण विवरण समावेश हुन सकेको छैन ।

## ३.५ संग्रहालय सेवा सुविधा

एउटा संग्रहालयको मुख्य उद्देश्य नै सर्वसाधारण एवं आगन्तुकहरुको सेवा गर्नु हो । संग्रहालयहरु आगन्तुक एवं सर्वसाधारणकालागि स्थापना भएका हुन्छन् । एउटा संग्रहालयले आगन्तुकहरुलाई आवश्यकीय सुविधाहरु जस्तो शौचालय,क्यान्टिन, संग्रहालय गाईड, पुस्तकालय, उपहार पसल, श्रव्य-दृश्यको व्यवस्था, अध्ययन-अनुसन्धानको सुविधा, संग्रहालय अवलोकन क्रममा अवलोकनकर्ताहरुलाई आराम गर्ने ठाउँ आदि उपलब्ध गराउनु पर्दछ । तर पाल्पा दरबार संग्रहालयको सन्दर्भमा सामान्य क्यान्टीन र शौचालय बाहेक अन्य सेवा सुविधाको व्यवस्था हुन नसकेको अवस्था छ ।

## ३.६ संग्रहालय प्रवर्द्धन सम्बन्धी क्रियाकलाप

एउटा संग्रहालयको विकास एवं प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरु जस्तो प्रचार-प्रसार, संग्रहालय शिक्षा, गाईडबुक, एवं संग्रहालय प्रदर्शनी परिचय पुस्तिका लेखन एवं प्रकाशन आदि धेरै कार्यहरु गर्न सकिन्छ । तर यस संग्रहालयको प्रवर्द्धनका लागि यस्ता कुनैपनि क्रियाकलापहरु हुन नसकिरहेको अवस्था छ ।

## ३.७ व्यवस्थापकीय एवं जनशक्ति सम्बन्धी समस्या

हाल यो संग्रहालय प्रदेश सरकार प्रदेश नं. ५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहेको छ । सामान्यतया सरकारी सांस्कृतिक संग्रहालयहरु सम्बन्धित देश वा प्रदेशको

संस्कृति हेर्ने मन्त्रालयअन्तर्गत राखिने गरेको छ । नेपालमा पनि संघीय सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत संग्रहालयहरु रहेका छन् । तसर्थ यस संग्रहालयको प्रशासनिक संरचना केही अमिल्दो देखिन्छ । त्यस्तै संग्रहालय संचालन एवं व्यवस्थापन गर्ने जनशक्ति अति महत्वपूर्ण पक्ष हो । संग्रहालय विज्ञान सम्बन्धी विषयको सैद्धान्तिक अध्ययन एवं व्यवहारिक ज्ञान भएको विषयगत दक्ष जनशक्तिबाट मात्र एउटा संग्रहालय व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन हुन सक्छ। तर पाल्पा दरबारको सन्दर्भमा विषयगत दक्ष जनशक्ति मात्र होइन अन्य जनशक्ति पनि नभएको अवस्था छ। संग्रहालयको लागि आवश्यक दरबन्दी सिर्जना गर्ने कार्य हुन नसकिरहेको अवस्था छ । संग्रहालयको स्थायी दरबन्दीमा एकजना लेखापाल मात्र कार्यरत रहेको अवस्था छ। संग्रहालय प्रमुखको जिम्मेवारी कार्य प्रकृति नै नमिल्ने जिल्ला वन कार्यालय प्रमुखलाई दिएको अवस्था छ । अन्य कर्मचारीहरु पनि करारमा राखेर संग्रहालयको दैनिक कार्य सञ्चालन भइरहेको छ । यसरी संग्रहालय सञ्चालनको आवश्यकीय र अनिवार्य पक्ष व्यवस्थापनसम्बन्धी कार्यरत जनशक्ति व्यवस्थापन हुन नसक्नु यस संग्रहालयको मुख्य समस्या हो ।

# ४. चुनौती, संभावना एवं अवसर

## ४.१ सवल पक्ष

एउटा संग्रहालय स्थापना एवं संञ्चालनको लागि संग्रहालय प्रदर्शनीमा राखिने वस्तुहरु/सामाग्रीहरु र संग्रहालय भवन नै पहिलो आवश्यकीय शर्त हो । यस संग्रहालयको सन्दर्भमा प्रदर्शनीको प्रयोजनको लागि पर्याप्त ठाउँ सहितको ऐतिहासिक पाल्पा दरबार भवन उपलब्ध भएको छ । यसरी बनि बनाउ भवन उपलब्ध हुनु नै यो संग्रहालय स्थापनाको सबै भन्दा महत्वपूर्ण पक्ष हो । त्यस्तै एउटा संग्रहालयको लागि आवश्यक संग्रहालय भवन परिसरको खुल्ला क्षेत्र यहाँ पर्याप्त मात्रामा उपलब्ध छ । साथै संग्रहालय भवन ऐतिहासिक तानसेन बजारमा सबैतिर बाट सहज पहुँच भएको स्थानमा अवस्थित हुनु यस संग्रहालयको अर्को महत्वपूर्ण पक्ष हो ।

भगवान गौतम बुद्धको जन्मस्थल यहि प्रदेशमा रहेको छ । मध्यकालीन नेपालमा पाल्पा एक स्वतन्त्र र शक्तिशाली राज्य थियो । यहाँ सेनवंशी राजाहरुले लामो समयसम्म शासन गरे । सेन राजाहरुको शासनकालमा र यसपछि पनि थुप्रै कला वास्तुकलाहरु सिर्जना एवं निर्माण भए । यस क्षेत्रमा आफ्नै प्रकारको जात्रा पर्व लगायतका जीवन्त संस्कृति विकास भयो । समग्र प्रदेश नं. ५ लाई हेर्दा आ-आफ्नै धर्म संस्कृति, मूल्य मान्यता, भाषा भएका नेपालका १२५ जाति मध्ये अधिकांश जातिहरु यस प्रदेशमा बसोबास गर्दछन् । यस प्रदेश अन्तरगतका १२ जिल्लाहरुमा नेपालको तराई र पहाडका भू-भागहरु समेटिएका छन् । तसर्थ यो प्रदेश तराई र पहाड दुवै क्षेत्रमा विकास भएको संस्कृतिले धनि छ । यस प्रदेशको पहाडी भू-भागमा प्राचीन समयदेखि बसोवास गर्दै आएका मगर, कुमाल, नेवार, खस-आर्य हुन् वा तराई तथा भित्री मधेशमा बसोबास गर्ने थारु वा अन्य मधेसी समुदाय हुन् ति सवै आफ्नो मौलिक संस्कृतिको दृष्टिले असाध्यै धनि छन् ।

संग्रहालय भवन स्वयं काठमाडौं उपत्यका बाहिर निर्माण भएको Neo-Classical वास्तुकलाको वेजोड नमुनाको रुपमा रहेको छ र अवलोकनकर्ताहरुका लागि एउटा आकर्षणको वस्तु बनेको छ । त्यस्तै यस भवनको पूर्वोत्तर तर्फ रहेको आकर्षक प्रवेशद्वार, यसको आसपासका ऐतिहासिक संरचनाहरुले यस क्षेत्रलाई थप आकर्षक बनाएको छ ।

वर्तमान पाल्पा दरबार संग्रहालयलाई संग्रहालय विज्ञान एवं प्रदर्शनीका आधुनिक सिद्धान्त एवं मुल्य मान्यता अनुसार विस्तार, विकास एवं स्तरोन्नति गर्न सके प्रदेश नं. ५ को संस्कृति, इतिहास लगायतका विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्ने संग्रहालयको रुपमा विकास गर्न सकिने प्रशस्त संभावना रहेको देखिन्छ । साथै प्रदेश सरकारद्वारा स्थापित यस प्रकृतिको संग्रहालय यस प्रदेशमा अर्को नभएकोले पनि यसले प्रदेश नं. ५ को संग्रहालयको प्रतिनिधित्व गर्ने निश्चित छ ।

## ४.२ कमजोर पक्ष

गुरुयोजनाले प्रस्ताव गरेका कार्यक्रम एवं कार्ययोजनाहरु जस्तो- संग्रहालय प्रदर्शनीको व्यवस्थापन, संग्रहालय सेवा-सुविधा सम्बन्धी कार्यहरु साथै संग्रहालय प्रवर्द्धन सम्बन्धी विभिन्न कार्यहरु, संग्रहालय विज्ञान सम्बन्धी विषय अध्ययन गरेकाविषयगत दक्ष जनशक्तिहरुबाट गराउनुपर्ने हुन्छ । तर हाल पाल्पा दरबार संग्रहालयमा एकजना पनि दक्ष जनशक्ति नभएको अवस्था छ । साथै

गुरुयोजनाले प्रस्ताव गरेका सम्पूर्ण कार्यक्रमहरु कार्यान्वयन गर्न आर्थिक अभाव पनि हुन सक्छ । जनशक्तिको अभाव यसको ठूलो कमजोर पक्षको रुपमा रहेको छ ।

## ४.३ चुनौतीहरु

गुरुयोजनाले प्रस्ताव गरेका कार्यक्रम तथा क्रियाकलापहरु कार्यान्वयन गर्न विभिन्न चुनौतीहरुको सामना गर्नुपर्ने हुन्छ । यस संग्रहालयका लागि प्रदेश सरकारले तत्कालै पर्याप्त जनशक्तिको व्यवस्था गर्न सकिहाल्ने अवस्था देखिदैन । जबकी गुरुयोजनाले प्रस्ताव गरेका कार्ययोजनाहरु कार्यान्वयन गर्नको लागि पर्याप्त मात्रामा जनशक्तिको आवश्यकता पर्दछ । संग्रहालय प्रदर्शनीको प्रयोजनका लागि सामाग्री एवं वस्तुहरु जुटाउने तथा संकलन गर्ने कार्य अर्को ठूलो चुनौतीको रुपमा देखिएको छ ।

प्रस्तावित कार्ययोजनाहरु मध्ये धेरैजसो कार्ययोजनाहरु संगसंगै कार्यान्वयन गर्दा मात्र सार्थक नतिजा आउने हुन्छ । यसका लागि ठूलै आकारको आर्थिक श्रोत र जनशक्तिको आवश्यकता पर्दछ ।

## ४.४ अवसर एवं संभावना

यो गुरुयोजना प्रदेश नं ५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय एवं पाल्पा दरबार संग्रहालयको अग्रसरतामा तयार भएको छ । साथै अन्य सरोकारवाला निकायहरु र स्थानीयहरु समेत उत्सुकताका साथ यो गुरुयोजनाको पर्खाइमा रहेको बुझिएको छ । यी दुवै निकायको समन्वयन र प्रतिवद्धता नै यो संग्रहालयको प्रवर्द्धन र स्तरोन्नतीको ठूलो अवसरको रुपमा हेर्न सकिन्छ । साथै अन्य सरोकारवालाहरुको साथ सहयोग रहने कुरामा पनि दुईमत छैन । प्रदेश नं. ५ कै प्रतिनिधिमूलक संग्रहालयकोरुपमा यस संग्रहालयलाई विकास एवं विस्तार गर्ने संग्रहालय एवं मन्त्रालयको प्रतिवद्धता र अन्य सरोकारवालाहरुको यसलाई स्तरीय संग्रहालयमा रुपान्तरण गर्न चाहनुलाई यसको विकासको लागि ठूलो अवसरको रुपमा लिन सकिन्छ ।

जनसाधारण तथा अवलोकनकर्ताहरुको यो संग्रहालय अवलोकन गर्ने चाहना एवं उत्सुकता बढ्दो छ । तसर्थ संग्रहालयलाई स्तरीय बनाई पर्याप्त सेवा सुविधाको व्यवस्था गरी प्रदेश नं. ५ को सर्वोत्कृष्ट संग्रहालयकोरुपमा विकास गर्नसक्ने ठूलो अवसर छ ।

## ५. संग्रहालयको स्तरोन्नती एवं प्रवर्द्धन सम्बन्धी प्रस्ताव एवं सुझावहरु

यस अध्ययनको यो भाग नै महत्वपूर्ण खण्ड हो । यस खण्डमा पाल्पा दरबार संग्रहालयको मुख्य विषय (Theme) र संग्रहालयको स्तरोन्नती एवं प्रवर्द्धनका लागि विभिन्न प्रस्तावहरु गरिएका छन् ।

### ५.१ संग्रहालयको मुख्य विषय (**Theme**)

कुनैपनि संग्रहालयको प्रकृति, उद्देश्य तथा मुख्य विषय-वस्तु के हुने वा हुन्छ भनेर स्पष्ट हुनु आवश्यक हुन्छ । संग्रहालय प्रदर्शनी, व्यवस्थापन, सामग्री संकलन, प्राप्ती, प्रदर्शनी कक्षको डिजाइन आदि कार्यहरुलाई संग्रहालयको मुख्य विषयवस्तु तथा उद्देश्यले निर्देशित गर्नु पर्दछ । यी सबै कार्यहरु संग्रहालयको प्रकृतिएवं विषयवस्तुको वरिपरि घुम्ने हुनु पर्दछ । संग्रहालयको वर्तमान प्रदर्शनीलाई हेर्दा यो मिश्रित प्रकृतिको देखिन्छ । संग्रहालयको मुख्य विषय वा उद्देश्य स्पष्ट भइनसकेको अवस्था छ । तसर्थ यस संग्रहालयको प्रवर्द्धनको सन्दर्भमा पहिलो आवश्यकता यसको विषयवस्तु (Theme) तथा उद्देश्य निश्चित हुन आवश्यक देखिन्छ । हाल संग्रहालयको प्रदर्शनीमा राखिएका सामग्रीहरुको प्रकृति, प्रदर्शनीमा राखिने सामग्रीहरूको उपलब्धता, प्रदेश नं. ५ को वर्तमान आवश्यकता, संग्रहालय रहेको स्थान, प्रदेश नं. ५को भौगोलिक एवं जातीय संरचना आदि कुराहरुलाई मध्यनजर गर्दा यस संग्रहालयको मुख्य विषय मानव-जातीय संग्रहालय (Ethnography Museum) हुनु उपयुक्त देखिन्छ । यस सन्दर्भमा Ethnography Museum को प्रचलित परिभाषा उल्लेख गर्नु सान्दर्भिक हुन्छ ।

Ethnograpthy is the study and systematic recording of human cultures [1]. The primary focus of the ethnographic museum is not the object. The cultures of the peoples who made the objects are collected, interpreted, and preserved in the museum[2]. The museum should represent each caste with its environment, economy, technology, agriculture, architecture (religious and secular), utensils, furnitures, clothing, weapons, equipments, rituals, customs, folk dance and musical instruments to list the major few.

समग्र प्रदेश नं. ५ मा आ-आफ्नै धर्म, संस्कृति, परम्परा, मुल्यमान्यता, भाषा भएका नेपालका १२५ जाति मध्ये धेरै जातीय समुदाय बसोबास गर्दछन् । यस प्रदेश अन्तर्गतका १२ जिल्लाहरुमा नेपालको तराई, भित्री मधेश र पहाडका भू-भागहरु समेटिएका छन् । यो प्रदेश पहाड र तराइ दुवै क्षेत्रमा विकास भएको संस्कृतिको दृष्टिले धनी छ । यस प्रदेशको पहाडी भूभागमा नेपालको जनसंख्याको ठूलो हिस्सा ओगट्ने मगर जाति प्राचीन समयदेखि बसोबास गर्दै आएको आफ्नो मौलिक संस्कृतिको दृष्टिले धनी जातीय समुदाय हो । कुमाल यस क्षेत्रको अर्को मौलिक संस्कृतिको दृष्टिले धनी जातीय समुदाय हो । यस प्रदेशमा बसोबास गर्ने नेवार, बाह्मण-क्षेत्री लगायतका जातीय समुदायहरुले आफ्नै मौलिक संस्कृतिको विकास गरेका छन् । त्यस्तै यस प्रदेशको तराई तथा भित्री मधेशमा बसोबास गर्ने थारु समुदाय जसले नेपालको जनसंख्याको ठूलो हिस्सा ओगटेको छ । यो जाती पनि प्राचीन समयदेखि यस क्षेत्रमा बसोबास गर्दै आएका तथा आफ्नो मौलिक संस्कृतिको दृष्टिले धनी छ । त्यस्तै आफ्नै मौलिक संस्कृतिले धनि मुस्लिम

समुदायको बसोवास पनि रहेको छ । तसर्थ यस प्रदेश जातीय समुदायहरूको संस्कृति वा जीवनपद्धतिको एवं प्रदेश नं. ५ को प्रतिनिधिमूलक संग्रहालयकोरुपमा विकास गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

यस संग्रहालयको वर्तमान प्रदर्शनीमा रहेका सामग्रीहरू, विषय एवं प्रकृति, संग्रहालयसँग सम्झौता भई प्रदर्शनको क्रममा रहेका विषय, भविष्यमा प्रदर्शनीमा राखिने सामग्रीहरुको उपलब्धता, प्रदेश नं. ५ को आवश्यकता आदिलाई मध्यनजर गर्दै यस संग्रहालयको निम्न मुख्य र सहायक विषय वस्तुहरुमा विभक्त गरि प्रदर्शनीको व्यवस्था मिलाउन प्रस्ताव गरिएको छ -

**क) मुख्य विषय-वस्तु**

१) मानव-जातीय संग्रहालय (Ethnography Museum)- प्रदेश नं. ५ को जातीय समुदायहरुको संस्कृतिको प्रतिनिधित्व गर्ने संग्रहालयको रुपमा विकास गर्न प्रस्ताव गरिएको छ । प्रदेश नं. ५ का आफ्नै मौलिक संस्कृतिले धनी निम्न जातीय समुदायहरुका सांस्कृतिक वस्तु एवं सामाग्रीहरु यस संग्रहालयको प्रदर्शनीमा राख्न सिफारिस गरिएको छ -

क) मगर जातिका सांस्कृतिक सामाग्रीहरु/वस्तुहरु

ख) डगौरा थारु जातिका सांस्कृतिक सामाग्रीहरु/वस्तुहरु

ग) नेवार जातिका सांस्कृतिक सामाग्रीहरु/वस्तुहरु

घ) खस-आर्य समुदायका सांस्कृतिक सामाग्रीहरु/वस्तुहरु

ङ) कुमाल जातिका सांस्कृतिक सामाग्रीहरु/वस्तुहरु

च) मुस्लिम समुदायका सांस्कृतिक सामाग्रीहरु/वस्तुहरु

छ) विभिन्न मधेसी समुदायहरुका सांस्कृतिक सामाग्रीहरु/वस्तुहरु

ज) पहाड र मधेसका अन्य जातीय समुदायहरुका उपलब्ध सामाग्रीहरुलाई प्रदर्शनीमा राख्न प्रस्ताव गरिएको छ ।

**ख) सहायक विषय-वस्तु**

१. प्रदेश नं. ५ र पाल्पाको परिचय एवं इतिहास

२. पाल्पाको प्रसिद्ध ढाका बुनाइ र धातु कलाकृति बनाउने पद्धति

३. प्रदेश नं. ५ का मूर्त एवं अमूर्त सांस्कृतिक सम्पदाको परिचय

४. नेपाली सेना/सम्बन्धी/हातहतियार

५. कर्णेल उजीरसिंह थापा सम्बन्धी सामाग्रीहरु

संग्रहालयको आवश्यकता अनुसार सहायक विषय-वस्तुहरु थपघट गर्न सकिने छ

## ५.२ वर्तमान संग्रहालय भवनको उपयोग सम्बन्धी प्रस्ताव

यस अध्ययनको यस खण्डमा वर्तमान संग्रहालय भवनका सबै तला एवं कक्षहरूको उपयोगसम्बन्धी प्रस्ताव गरिएको छ।

### ५.२.१ तलाहरूको विषय एवं उपयोग

**क) भुइँतला**

यस अध्ययनको अनुसूचीमा रहेको नक्सामा देखाएजस्तै वर्तमान संग्रहालय भवनको भुइँतलालाई निम्नानुसार उपयोग र विषय-वस्तु प्रस्ताव गरिएको छ -

१. प्रदेश नं. ५ को परिचय

२. प्रदेश नं. ५ को भौगोलिक एवं जनसांखीक परिचय

३. पाल्पाको इतिहास

४. प्रदेश नं. ५ का महत्वपूर्ण मूर्त सांस्कृतिक सम्पदाहरुको मोडेल र तस्वीरहरु त्यस्तै जीवन्त सांस्कृतिक सम्पदा सम्बन्धी सामाग्रीहरु

५. प्रदेश नं. ५ का विभिन्न जातिहरुको प्रतिकृतिहरु- स्थानीय एवं सरोकारवालाहरुको चाहनालाई मध्यनजर गर्दै र यस प्रदेशका जातिहरुको भेषभूषा एवं शारिरीक आकृतिहरुको अवलोकनकर्ताहरुले प्रत्याभूति गर्न सकुन् भनेर यस प्रदेशका विभिन्न जातिहरुको प्रतिकृतिहरु बनाई प्रदर्शनीमा राख्न प्रस्ताव गरिएको छ। अवलोकनकर्ताहरुले सम्पूर्ण संग्रहालय अवलोकन गरिसकेपछि यी प्रतिकृतिहरुको अवलोकन गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।

६. अस्थायी प्रदर्शदनी कक्ष- एउटा व्यवस्थित संग्रहालयका लागि समय समयमा अस्थायी रुपमा प्रदर्शनीको आयोजना गर्न एउटा कक्ष प्रस्ताव गरिएको छ।

७. सभा हल र पुस्तकालय

८. जातीय वस्त्र सहितको फोटो कक्ष- अवलोकनकर्ताहरुको आ-आफ्नो वा विभिन्न जातीय भेषभूषामा तस्वीर लिन चाहने तिव्र ईच्छालाई मध्यनजर गर्दै संग्रहालय अवलोकन पछि ऊनीहरुलाई यो सेवा उपलब्ध गराउन प्रस्ताव गरिएको छ। यसका लागि विभिन्न जातीय भेषभूषा सहितको एउटा कक्ष प्रस्ताव गरिएको छ।

९. टिकट काउण्टर र locker कक्ष

१०. सूचना केन्द्र

**ख) पहिलो तला**

यो तला यस संग्रहालयको विशेष महत्वको र आकर्षक हुनेछ। यहाँ प्रदेश नं. ५ का विभिन्न जातीय समुदायहरुलाई प्रतिनिधित्व गर्ने सामाग्रीहरु प्रदर्शनीमा राख्न प्रस्ताव गरिएको छ। साथै वर्तमान मगर समुदाय, नेवार समुदायसंग सम्बन्धित प्रदर्शनी यथास्थानमा रहने गरि अन्य जातिको प्रदर्शनी व्यवस्था मिलाउने गरि प्रस्ताव गरिएको छ।

१. मगर जाती सम्बन्धी प्रदर्शनी

२. थारु जाती सम्बन्धी प्रदर्शनी

३. नेवार जाती सम्बन्धी प्रदर्शनी

४. खस-आर्य समुदाय सम्बन्धी प्रदर्शनी

५. मुस्लिम समुदाय सम्बन्धी प्रदर्शनी

६. पहाडमा वसोवास गर्ने अन्य समुदायहरु सम्बन्धी प्रदर्शनी

७. तराईमा वसोवास गर्ने अन्य समुदायहरु सम्बन्धी प्रदर्शनी

८. पाल्पाको प्रसिद्ध ढाका उत्पादन र करुवा लगायत विभिन्न धातुका सामग्रीहरु निर्माण प्रविधि साथै परम्परागत सामाग्री एवं वस्तुहरु उत्पादन सम्बन्धी अन्य उपलब्ध प्रविधिलाई पनि समावेश गर्न सकिन्छ।

यस तलाका विभिन्न कक्षाहरुको उपयोग यसै अध्ययनको अनुसूचिमा संलग्न नक्सामा देखाइएको छ।

**ग) दोस्रो तला**

यस तलाको प्रदर्शनीको विषय नेपाली सेनासम्बन्धी ग्यालरी हुनेछ। यस तलाको निम्नानुसार उपयोग गर्न प्रस्ताव गरिएको छ -

१. सैनिक सामाग्रीहरु

२. कर्णेल उजीरसिंह थापा सम्बन्धी सामाग्रीहरु

३. संग्रहालय प्रशासन, भण्डार

प्रत्येक कक्षहरूको उपयोग सम्बन्धी विवरण यसैसाथ अनुसूचीमा संलग्न नक्सामा देखाइएको छ।

पुनश्चः संग्रहालयको आवश्यकता एवं औचित्यका आधारमा मुख्य विषय-वस्तुलाई असर नपर्ने गरि कक्षहरूको उपयोग परिवर्तन गर्न सकिनेछ।

## ५.३ वर्तमान प्रदर्शनीको सुधार

### ५.३.१ प्रदर्शनी कक्षहरुको Layout

प्रदर्शनीमा राखिएका र पछि राखिने वस्तुहरूको प्रकृति एवं आकार-प्रकारका आधारमा प्रदर्शनी कक्षहरूको Layout प्रस्ताव गरिएको छ । यसको डिजाइन यसै अध्ययनको अनुसूची खण्डमा संलग्न छ।

### ५.३.२ सो-केशहरुको निर्माण एवं रि-मोडलिङ

संग्रहालय प्रदर्शनीका लागि अनिवार्य एवं आवश्यकीय बस्तुहरु हुन् सोकेश, पेडस्टल, प्यानल बोर्ड आदि। संग्रहालय प्रदर्शनीलाई आकर्षक एवं प्रभावकारी बनाउन यी सामग्रीहरूको महत्वपूर्ण

भूमिका रहन्छ । सोकेशहरु प्रदर्शनीमा राखिने वस्तुहरूको प्रकृति तथा आकार प्रकारको आधारमा डिजाइन गरी बनाउनु पर्दछ । त्यसकारण यस अध्ययनको अनुसूचिमा नमुना सोकेशहरूको डिजाइन र हाल प्रदर्शनीमा राखिएका प्रदर्शीत वस्तुको प्रकृति र आकार-प्रकारको आधारमा डिजाइन प्रस्तुत गरिएको छ । प्रर्दशनीमा राखिने वस्तुको प्रकृति र आवश्यकता अनुसार सोकेसका प्रस्तावित डिजाइन र आकारप्रकारमा संशोधन गर्न सकिनेछ ।

### ५.३.३ परिचय-पत्र/पाटी (Labels)

संग्रहालय प्रदर्शनीको अर्को महत्वपूर्ण एवं आवश्यकीय कार्य हो प्रदर्शित वस्तुहरूको बारेमा जानकारी दिने परिचय-पत्र/पाटी (Labels) राख्नु । यस्ता लेबलहरु प्रत्येक वस्तुमा र ग्यालरीमा राख्ने गरिन्छ । प्रदर्शित वस्तुहरुमा राखिने लेबलहरु वस्तुको प्रकृतिअनुसार नाम एवं परिचय तथा समय आदि जानकारी दिन आवश्यक हुन्छ । निश्चित कक्षमा राखिने लेबलहरु सम्बन्धित कक्षको विषयवस्तुहरूको आधारमा ती वस्तुहरूको सामूहिक परिचय-पत्र/पाटी राख्नुपर्दछ ।  यस्ता परिचय-पत्र/पाटी (Labels) अवलोकनकर्ताहरुलाई प्रदर्शित वस्तु एवं कक्षको बारेमा जानकारी दिने पहिलो र मुख्य स्रोत हुन् । लेबलहरु कसरी, कहाँ, कुन साइजको राख्ने भन्नेकुरा वस्तुको प्रकृति सोकेशको बनोट आदिमा निर्भर गर्दछ । तर के चाहीँ ध्यान दिनु जरुरी हुन्छ भने लेवलका अक्षरहरु आगन्तुकहरुले सजिलै पढ्न सक्ने आकारका हुनु पर्दछ, झट्ट आँखामा पर्ने ठाउँमा राखिनुपर्दछ, Eye level मिलाएर राख्नु पर्दछ । यी कुराहरु यस संग्रहालयको सन्दर्भमा पनि उत्तिकै आकर्षित हुन्छन् । यस्ता परिचय-पत्र/पाटी विभिन्न प्रकारका हुनसक्छन् जस्तो General, Group, Individual, Master or thematic, Descriptive आदि । अन्य संग्रहालयहरुको जस्तै यस संग्रहालयका लागि पनि मुख्यतया: निम्न तीन प्रकारका लेबलहरु राख्नु आवश्यक छ ।

#### क. मास्टर लेवल

पाल्पा दरबार संग्रहालयको मुख्य विषयवस्तु, यसको परिचय, संग्रहालय र संग्रहालय भवन, प्रदर्शनीमा राखिएका मुख्य वस्तुहरु, यसका प्रदर्शनी कक्षहरू आदिको बारेमा संक्षिप्त जानकारी दिने एउटा मुख्य परिचय-पत्र/पाटी का साथै ग्यालरी संकेत प्लानलाई संग्रहालय प्रवेशद्वार नजिकै राख्न सिफारिस गरिएको छ ।

#### ख. समूहगत परिचय (Groups label)

समान प्रकृतिका विषयवस्तु भएका सामग्रीहरुलाई एउटै कक्षको प्रदर्शनीमा राख्न प्रस्ताव गरिएको छ ।  त्यस्ता वस्तुहरूको सामूहिक परिचय-पत्र/पाटीलाई समूहगत परिचय-पत्र/पाटी भनिन्छ । यस संग्रहालयको सन्दर्भमा प्रदर्शनीमा राखिने सामग्रीहरूको विषयवस्तु एवं प्रकृतिका आधारमा विभिन्न कक्षमा विभक्त गर्न प्रस्ताव गरिएको छ । जस्तो पाल्पाको राजनैतिक इतिहास, प्रदेश नं. ५ को परिचय सम्बन्धी कक्ष/ग्यालरी, प्रदेश नं. ५ को जातीय तथा समूहगत संस्कृतिसम्बन्धी कक्ष, प्रविधिसम्बन्धी कक्ष, नेपाली सेनासम्बन्धी कक्ष आदि । संग्रहालयको आवश्यकता अनुसार यी कक्षहरू थपघट हुन सक्छन् । यस्ता विषयगत कक्षहरूको प्रवेशद्वारको आसपासमा आगन्तुकहरुको आँखा सोझै पर्ने ठाउँमा सजिलै पढ्न सकिने गरी निश्चित आकार-प्रकारका सामुहिक परिचय-पत्र पाटी राख्न प्रस्ताव गरिएको छ। यसले आगन्तुकहरुलाई आफू अवलोकन गर्न प्रवेश गर्न लागेको कक्षमा भएका विषयवस्तुहरूको पूर्व जानकारी लिन मद्दत पुग्दछ ।

**ग. प्रत्येक वस्तुहरुमा राखिने परिचय-पत्र (Individuals label)**

प्रदर्शनीमा राखिएका प्रत्येक वस्तुहरुमा सम्बन्धित वस्तुहरूको नामसहितको आवश्यक जानकारी दिन यस्ता परिचय-पत्र/पाटी अनिवार्य मानिन्छ । यस्ता स-साना आकार-प्रकारका परिचयपत्रहरु आगन्तुकहरुले सजिलै पढ्न सक्ने आकार-प्रकारका अक्षरमा लेखिएका वा छापिएका, वस्तुहरूको दृश्यलाई नछेक्ने गरिराख्न प्रस्ताव गरिएको छ ।

विदेशी अवलोकनकर्ताहरुलाई समेत मध्यनजर गर्दै नेपाली र अंग्रेजी दुवै भाषामा परिचय-पत्र/पाटी राख्नु उपयुक्त देखिन्छ ।

**५.३.४ प्रकाश (Light)**

संग्रहालय प्रदर्शनीको अर्को महत्वपूर्ण विषय हो, प्रकाश व्यवस्थापन। प्रदर्शित वस्तुहरुलाई आकर्षित तरिकाले प्रस्तुत गर्न र वस्तुको मुख्य एवं महत्वपूर्ण भागलाई स्पष्ट तथा आकर्षक देखाउन प्रकाशको उपयोग गरिन्छ । संग्रहालय प्रदर्शनी प्रयोजनकालागि बनावटी एवं प्राकृतिक प्रकाशको उपयोग गरिन्छ । यस संग्रहालय प्रदर्शनीका लागि प्रकाश व्यवस्थापनको पुनः Layout गर्न सिफारिस गरिन्छ ।

**५.४ सामग्री संकलन सम्बन्धी सुझाव**

संग्रहालय प्रदर्शनीको आत्मा भनेकै प्रदर्शनीमा राखिने वस्तु एवं सामग्रीहरु हुन् । अवलोकनकर्ताहरु संग्रहालयमा प्रदर्शनीमा राखिएका सामग्रीहरुको अवलोकन गर्न, अनुभव गर्न, आनन्द लिन, अध्यन गर्न तथा जानकारी लिन आएका हुन्छन् । कस्ता प्रकृतिका सामग्री एवं वस्तुहरु संकलन तथा प्राप्त गर्ने र कसरी सङ्कलन एवं प्राप्त गर्ने भन्ने कुरा एउटा संग्रहालयका लागि ज्यादै अहं प्रश्न हो । संग्रहालय प्रर्दशनीमा राखिने सामग्रीहरुको संकलन गर्ने कार्य संग्रहालयको प्रकृति तथा मुख्य एवं सहायक विषयहरुमा निर्भर गर्दछ । यस संग्रहालयलाई प्रदेश नं. ५ को जातीय संस्कृतिको प्रतिनिधिमूलक संग्रहालयकोरुपमा विकास एवं विस्तार गर्न प्रस्ताव गरिएको हुँदा सोही प्रकृतिका सामग्रीहरूको सङ्कलन एवं प्राप्तिलाई प्राथमिकता दिइनु पर्दछ । निम्नानुसार गर्न सिफारिस गरिएको छ-

**५.४.१ सामाग्री संकलन एवं प्राप्ति**

**क) जातिगत समुदायको संस्कृतिको प्रतिनिधित्व गर्ने सामाग्रीहरु**

१. परम्परागत कृषि प्रविधि एवं उपकरण सम्बन्धी सामग्रीहरु,
२. भेषभूषा तथा गरगहनाहरु,
३. भाँडावर्तन एवं भान्छासँग सम्बन्धित सामग्रीहरू,
४. पूजा-आजा एवं संस्कार सम्बन्धी सामग्रीहरू (Ritual objects),
५. वाद्यवादनका सामग्रीहरू,
६. जातिगत एवं समुदायगत मौलिक पेशा तथा प्रविधिका सामग्रीहरु एवं उपकरणहरू,
७. सम्बन्धित समुदायको मौलिक संस्कृतिको प्रतिनिधित्व गर्ने अन्य वस्तुहरु,

८. सम्बन्धित समुदायले आफ्नो संस्कृतिको प्रतिनिधित्व गर्ने भनी सिफारिस गरेका अन्य सामाग्रीहरु ।

ख) **अन्य सामाग्रीहरु**

१. प्रसिद्ध पाल्पाली ढाका उत्पादन गर्ने मौलिक उपकरणहरु संकलन गरी प्रदर्शनीमा राख्ने र प्रत्यक्ष उत्पादन देखाउने,

२. पाल्पाको प्रसिद्ध करुवा बनाउने मौलिक उपकरण र प्रविधिलाई प्रदर्शनीमा राख्ने व्यवस्था गर्ने,

३. प्रदेश नं. ५ का महत्वपूर्ण सांस्कृतिक सम्पदाहरूको दृश्यात्मक अवलोकन गर्न सकिने आकार-प्रकार तथा स्तरीय फोटोग्राफ संकलन वा उत्पादन गर्ने,

४. प्रदेश नं. ५ को भौगोलिक एवं जनसांख्यिक विवरण,

५. प्रदेश नं. ५ का विभिन्न जातिगत समुदायसँग सम्बन्धित जीवन्त संस्कृति, अमूर्त सांस्कृतिक सम्पदाहरू स्तरीय Audio/Visual तयार गर्ने,

६. पाल्पाको राजनैतिक इतिहाससँग सम्बन्धित आधिकारिक एवं मौलिक सामग्रीहरु जस्तो- अभिलेखहरु, वंशावली, लेखोट, सिक्का आदि,

७. नेपालका सांस्कृतिक विश्व सम्पदा स्थलहरूका विशेष आकार-प्रकारका एवं स्तरीय फोटोग्राफहरू को उत्पादन,

८. विभिन्न माध्यममा बनेका महत्वपूर्ण कला-वस्तुहरु,

९. प्रदेश नं. ५ का महत्वपूर्ण वास्तु संरचनाहरुका मोडलहरु ।

### ५.४.२ सामग्री सङ्कलन गर्ने तरिका तथा प्रक्रिया

संग्रहालय प्रदर्शनीमा राखिने सामग्रीहरु संकलन एवं प्राप्त गर्ने तरिका तथा प्रक्रियाहरु संग्रहालयको प्रकृति एवं विषयमा पनि निर्भर गर्दछ । तर पनि संग्रहालय सामग्रीहरुको संकलन गर्ने तथा प्राप्त गर्ने केही प्रचलित तरिका एवं विधिहरू छन् । यस संग्रहालयको सन्दर्भमा पनि ति तरिका तथा प्रक्रिया आकर्षित हुन्छन्, जो निम्न छन्-

क) उपहारस्वरूप प्राप्त गर्ने (Donation)

ख) खरिद गर्ने (Purchase)

ग) व्यापारिक घरानाहरूको सहयोग (Support of big business houses)

घ) अन्य प्रक्रिया

**(क) उपहारस्वरूप प्राप्त गर्ने**

संग्रहालय प्रदर्शनी प्रयोजनका सामग्री एवं वस्तुहरु प्राप्त गर्ने उत्तम तरिका मध्येको एक हो सामग्रीहरु उपहारस्वरूप प्राप्त गर्नु । यस संग्रहालयको लागि सम्बन्धित जातीय समुदायहरुले, व्यक्तिहरुले आफ्नो संकलनमा रहेका महत्वपूर्ण सामग्रीहरु संग्रहालयलाई उपहारस्वरूप प्रदान गर्न सक्नेछन् । संग्रहालयलाई उपहारस्वरुप सामग्री उपलब्ध गराउने समुदाय वा व्यक्तिलाई संग्रहालयले धन्यवाद पत्र दिनु पर्दछ र प्रदर्शनी परिचयपत्रमा सामग्री उपलब्ध गराउने समुदाय वा व्यक्तिको नाम उल्लेख गरिदिनु पर्दछ । यस कार्यले बढीभन्दा बढी समुदाय वा व्यक्तिहरुलाई सामग्री उपलब्ध

गराउन अभिप्रेरित गर्न सक्छ । यसका लागि सम्बन्धित समुदायका अगुवाहरुलाई आमन्त्रण गरेर कार्यक्रम गर्न सकिन्छ ।

(ख) **खरिद गर्ने**

संग्रहालय प्रदर्शनीको प्रयोजनकालागि सामग्रीहरुको संकलन गर्ने अर्को तरिका हो खरिद गर्ने । तर सामग्री खरिदका केही निश्चित मूल्य मान्यताहरु स्थापित हुनु पर्दछ जस्तो कस्ता सामग्रीहरु खरिद गर्ने, कोसँग र कसरी खरिद गर्ने, त्यस्ता वस्तुहरूको खरिद मूल्य कसरी निर्धारण गर्ने आदि। संग्रहालयको विषय एवं प्रकृतिको आधारमा सामग्री खरिदको नीति अवलम्बन गर्नुपर्दछ । पाल्पा दरबार संग्रहालयको प्रयोजनका लागि प्रचलित मूल्य मान्यताहरु उत्तिकै आकर्षित हुन्छन्, तसर्थ यस संग्रहालय प्रयोजनका लागि सामग्री खरिद गर्दा निम्नानुसार गर्न सिफारिस गरिएको छ-

१. जातीय संस्कृतिसँग सम्बन्धित सामग्रीहरु खरिद गर्दा मौलिक, आधिकारिक एवं पुराना सामग्रीहरु खरिद गर्ने, सकभर सम्बन्धित समुदाय वा व्यक्तिबाट खरिद गर्नु राम्रो हुन्छ,

२. नयाँ सामग्री तयार गरेर खरिद गर्ने परिपाटीलाई दुरुत्साहित गर्ने,

३. कुनै जातीय संस्कृतिको क्रमबद्धतालाई पूर्णता दिन अन्य कुनैपनि स्रोतहरूबाट उपलब्ध हुन नसकेको अवस्थामा कुनै जातिगत समुदायको संस्कृतिको प्रतिनिधित्व गर्ने सामग्रीहरु अन्य स्रोतबाट उपलब्ध हुन नसकेको अवस्थामा बजारबाट वा अन्य स्रोतबाट नयाँ सामग्री खरिद गर्न सकिने तर यसो गर्दा सम्बन्धित समुदाय र सम्बन्धित विषयका विज्ञहरूसँग परामर्श लिनु उपयुक्त हुन्छ,

४. नेपाल सरकारको प्रचलित खरिद ऐन एवं नियमहरु यस्ता वस्तुहरूको खरिद मूल्य र खरिद गर्ने प्रक्रियाहरुको बारेमा स्पष्ट व्यवस्था नभएकोले जिल्लास्तरीय वा प्रदेश स्तरीय संयन्त्र बनाई खरिद गर्न उपयुक्त हुन्छ,

५. सम्बन्धित समुदायहरुसँग सोझै खरिद गरिएका सामग्रीहरूको सम्बन्धमा समुदायका आधिकारिक संस्थाहरुले निर्धारण गरेको खरिद मूल्यलाई पनि आधार मान्न सकिन्छ ।

(ग) **व्यापारिक घराना एवं अन्यको सहयोग**

कतिपय उच्च घराना मानिसहरूको पुराना, आश्चर्यलाग्दा वस्तुहरु, ऐतिहासिक दस्तावेजहरु संकलन गरेर राख्ने सौख हुन्छ। यस्ता वस्तुहरु सार्वजनिक नगर्दा एकातिर त्यस्ता वस्तुहरुको महत्व सार्वजनिक हुन नपाउने हुन्छ भने त्यस्ता वस्तुहरूको संरक्षणको अभावमा नष्ट भएर इतिहास, संस्कृति नै लोप हुने सम्भावना हुन्छ । तसर्थ संकलनकर्ताहरुलाई त्यस्ता वस्तुहरु संग्रहालयलाई उपहारस्वरुप दिन वा संग्रहालयलाई बिक्री गर्न प्रेरित गर्नु पर्दछ । यसका लागि संग्रहालयले पहल गर्नुपर्दछ र यस संग्रहालयलाई पनि यसका लागि पहल गर्न सिफारिस गरिन्छ ।

(घ) **अन्य प्रक्रिया**

यस्तै प्रकृतिका अन्य संस्थाहरु एवं सम्बन्धित सरकारी निकायहरु बाट पनि संग्रहालय प्रदर्शनी प्रयोजनका सामग्रीहरु प्राप्त गर्न सकिन्छ यी बाहेक अन्य उपयुक्त तरिकाबाट सामग्रीहरु प्राप्त गर्न वा संकलन गर्न सकिन्छ ।

## ५.५ विवरणसूची (Inventory)

कुनैपनि संग्रहालयको महत्वपूर्ण कार्यहरु मध्येको एक हो संग्रहालय प्रदर्शनीमा रहेका र संकलनमा रहेका सामग्रीहरूको पूर्ण विवरण सहितको विवरणसूची तयार गरेर राख्नु । साथै निश्चित अवधिमा अध्यावधिक गरिरहनु पर्दछ । यस्ता विवरणसूचीहरु संक्षिप्त तर वस्तुको पूर्ण जानकारी दिने हुनुपर्दछ । विवरणसूची तयार गर्ने कुनै सर्वमान्य ढाँचा वा नमुना हुँदैन । तसर्थ संग्रहालय स्वयंले प्रदर्शित एवं संकलित वस्तुको प्रकृतिका आधारमा ढाँचा वा नमुना विकास गर्न सक्दछन् । सामान्यतया यस्ता सूचीहरू कम्तीमा दुई प्रति तयार गर्न प्रस्ताव गरिन्छ । वस्तु वा सामग्रीको प्रकृतिका आधारमा वस्तुको दर्ता नंबर., नाम, आकार-प्रकार, माध्यम, नाँप-जाँच, तौल, समय, निर्माता, प्राप्त स्रोत, प्राप्ति वा सङ्कलनको तरिका (उपहार/हस्तान्तरण, खरिद आदि), पहिचान गर्न सकिने फोटो, वस्तुको महत्व तथा विशेषताको बारेमा छोटो जानकारी आदि कुराहरु समावेश भएको विवरणसूची बनाउन सकिन्छ । वस्तुको प्रकृतिका आधारमा यी कुराहरु थपघट हुन सक्छन् । यस संग्रहालयको सन्दर्भमा पनि यिनै कुराहरु आकर्षित हुनसक्छन् । यस्ता विवरणसूचीहरु संग्रहालय प्रयोजनका लागि त अति आवश्यक औजार हुन् नै, यसको अलावा अध्ययन अनुसन्धानको प्रयोजनका लागि उत्तिकै महत्वपूर्ण हुन्छन् । यी सबैको अतिरिक्त दुर्भाग्यवस संकलित तथा प्रदर्शित वस्तुहरु हराएमा वा चोरी भएमा त्यस्ता वस्तुहरु प्राप्त गर्न र चोरलाई कारबाही गर्न आधिकारिक प्रमाणको काम गर्ने भएकाले पनि संग्रहालयले आफ्ना सामग्रीहरूको विवरण सूची तयार गर्नु आवश्यक मात्र होइन अनिवार्य नै हुन्छ ।

## ५.६ संरक्षण सुरक्षा

संग्रहालय एवं प्रदर्शित वस्तुहरुको संरक्षण एवं सुरक्षा गर्नु एउटा संग्रहालयको प्रमुख दायित्व हो ।

### (क) संरक्षण (Preventive Conservation)

संरक्षणमा खासगरी प्रदर्शनमा राखिएका एवं संकलित वस्तुहरुलाई क्षतिबाट बचाउने कार्यहरु पर्दछन् । यस्ता वस्तुहरुलाई मानवीय एवं प्राकृतिक कारणले क्षति पुग्ने गर्दछ। क्षतिको कारण र स्वरुप वस्तुको प्रकृति, वस्तु बनेको माध्यममा निर्भर गर्दछ । संग्रहालय वस्तुहरुलाई खास गरेर स-साना जैविक किटाणुहरु, अत्यधिक प्रकाश, ओस, धुलो, प्राकृतिक अर्थात् स्वभाविक रुपमा जीर्ण हुनु आदि विविध कारणले क्षति पुग्ने गर्दछ । तसर्थ क्षतिको कारण अध्ययन गरी संरक्षण व्यवस्था मिलाउनु पर्दछ । यस संग्रहालयको सन्दर्भमा अधिकांश सामाग्रीहरु नयाँ प्रकृतिका भएकाले संरक्षणको आवश्यकता देखिएको छैन तर भविष्यमा संरक्षण कार्य गर्नु आवश्यक हुने भएकाले एक जना संरक्षणसम्बन्धी जनशक्तिको व्यवस्था गर्नु आवश्यक छ ।

### ख. सुरक्षा

संग्रहालय सुरक्षा संग्रहालय प्रशासनको अर्को महत्वपूर्ण कार्य हो । यस अन्तर्गत प्रदर्शित एवं संकलित वस्तुहरूको सुरक्षादेखि लिएर संग्रहालय भवन तथा संग्रहालयको सम्पूर्ण भौतिक सम्पत्तिको सुरक्षाका कार्यहरु पर्दछन् । संग्रहित एवं प्रदर्शित वस्तुहरु चोरी हुन नदिनु संग्रहालय सुरक्षाको मुख्य कार्य हो । निम्न दुई तरिकाबाट सुरक्षा प्रबन्ध मिलाउन आवश्यक हुन्छ-

#### १) बाह्य सुरक्षा

यस अन्तर्गत संग्रहालय भवन बाहिरको सुरक्षा व्यवस्था पर्दछ । संग्रहालयलाई बाहिरबाट हुनसक्ने एवं संभाव्य खतरा तथा चुनौती रोक्न वा नियन्त्रण गर्न सुरक्षाकर्मीको व्यवस्था गरिन्छ । सुरक्षाकर्मीहरुले संग्रहालयलाई चौबिसै घण्टा पहरा दिनुका साथै सुरक्षा जाँच लगायत संग्रहालयको पूर्ण निगरानी गर्दछन् । यस संग्रहालयको सन्दर्भमा दुई विकल्पमध्ये एक विकल्पको सुरक्षा व्यवस्था मिलाउन सुझाइएको छ । पहिलो विकल्पमा १-४ को नेपाल प्रहरीको व्यवस्था, दोस्रो विकल्प निजी क्षेत्रका सुरक्षा कम्पनीबाट सेवा लिने । Fire-Alarm, fire extinguishers र External Fire Exit राख्न सकिने हुन्छ ।

२) आन्तरिक सुरक्षा

आन्तरिक सुरक्षामा प्रदर्शित वस्तुहरु लगायत संग्रहालयका सम्पूर्ण सामाग्रीहरुको सुरक्षा सम्बन्धी कार्य पर्दछ । विभिन्न विधि एवं तरिकाहरु अवलम्वन गरेर आन्तरिक सुरक्षालाई मजबुत एवं प्रभावकारी बनाउन सकिन्छ । प्रत्येक प्रदर्शनी कक्षमा एक-एक जना ग्यालरी गार्ड खटाएर उनीहरुद्वारा प्रदर्शित वस्तु र अवलोकनकर्ताहरुको निगरानी गर्न लगाउन सकिन्छ । आन्तरिक सुरक्षाका लागि CCTV क्यामेराबाट निगरानी गर्ने व्यवस्था मिलाउन पनि प्रस्ताव गरिएको छ । संग्रहालय प्रदर्शनीका विभिन्न कक्षहरुमा Fire-Alarm and fire extinguishers राख्न प्रस्ताव गरिएको छ ।

यस प्रकार म्यानुअल र विद्युतीय सुरक्षा प्रणालीबाट संग्रहालयको सुरक्षा प्रबन्ध मिलाउन प्रस्ताव गरिएको छ । अन्य सुरक्षाका उपायहरु पनि अवलम्बन गर्न सकिन्छ ।

## ५.७ संग्रहालय अवलोकन मार्ग

संग्रहालयको सुरक्षाको लागि र आगन्तुकहरुको प्रवेश र बाहिर निस्कने व्यवस्थालाई सहज बनाउन, अनावश्यक तथा अनधिकृत आवागमन नियन्त्रण गर्न संग्रहालय अवलोकन मार्ग निश्चित गर्नु आवश्यक हुन्छ । त्यस्तै संग्रहालय प्रदर्शनीको क्रमबद्धरुपमा अवलोकनको व्यवस्था मिलाउन पनि प्रवेश र बाहिर निस्कने द्वार सुनिश्चित गर्न यसै अध्ययनको अनुसूचीमा समावेश गरिएको नक्सामा यस संग्रहालयको अवलोकन गर्न बायाँबाट दायाँतर्फ (Clock wise) हुँदै प्रवेश गर्ने र बाहिर निस्कने मार्ग अर्थात् अवलोकन मार्ग प्रस्ताव गरिएको छ।

## ५.८ सेवा सुविधा

आगन्तुक तथा अवलोकनकर्ताहरुलाई विभिन्न सेवा सुविधाहरु उपलब्ध गराउनु संग्रहालयको अर्को महत्वपूर्ण कार्य हो । यस संग्रहालयको सन्दर्भमा निम्न सेवा सुविधाको व्यवस्था गर्न प्रस्ताव गरिएको छ-

### ५.८.१. टिकट काउन्टर र सूचना केन्द्र

वर्तमान संग्रहालय भवनको मुख्य प्रवेशद्वार पछि रहेको वर्तमान टिकट काउण्टर रहेको कक्ष र आसपासको ठाउँलाई आकर्षक तरिकाले डिजाइन गरि सोही ठाउँलाई टिकट काउण्टर बनाउने र यसको देब्रेपट्टीको कक्षलाई संग्रहालय तथा प्रदेश नं. ५ को बारेमा जानकारी दिने सूचना केन्द्र स्थापना गर्न प्रस्ताव गरिएको छ साथै आगन्तुकहरुले आफ्नो झोला लगायतका सामानहरु साथमा लिएर संग्रहालयभित्र प्रवेश गर्न निषेध गरिने हुँदा त्यस्ता सामान राख्न Locker सुविधा उपलब्ध

गराउन सिफारिस गरिएको छ । यी सबै सुविधाहरु यस अध्ययनको अनुसूचीमा संलग्न नक्सामा वर्तमान संरचनाको भुँइतलामा राख्न प्रस्ताव गरिएको छ ।

### ५.८.२ क्यान्टिन

संग्रहालयमा खाजाखाने एउटा स्तरीय क्यान्टिनको आवश्यकता हुन्छ । यस्ता क्यान्टिन/क्याफे अवलोकनकर्ता लक्षित हुनुपर्दछ । हाल यहाँ रहेको संग्रहालय कर्मचारीहरुको लागि संञ्चालित सानो क्यान्टिन अवलोकनकर्ता लक्षित एवं स्तरीय छैन । क्यान्टिन अवलोकनकर्ताको सहज पहुँचमा हुनुपर्दछ । तसर्थ संग्रहालयको बाहिरी परिसरको उपयुक्त स्थानमा क्यान्टिन राख्न प्रस्ताव गरिएको छ ।

### ५.८.३ श्रव्य-दृष्य र सभाहल

अवलोकनकर्ताहरुलाई पाल्पा दरवार संग्रहालय, प्रदर्शनी, सांस्कृतिक सम्पदाहरु आदिको वारेमा जानकारी दिने श्रव्य-दृष्य सामाग्रीहरु तयार गरी यसै संग्रहालयको उपयुक्त कक्षमा व्यवस्था मिलाउन प्रस्ताव गरिएको छ ।

### ५.८.४ संग्रहालय गाइड

एउटा स्तरीय संग्रहालयमा संग्रहालय गाइडको व्यवस्था हुनु नै पर्दछ । खासगरी विद्यार्थीहरु र विदेशी अवलोकनकर्ताहरुलाई लक्षित गरी संग्रहालय गाइडको व्यवस्था गर्न आवश्यक छ । संग्रहालयको गाईड गर्न संग्रहालयका कर्मचारीहरुलाई तालिम दिएर उनिहरुबाटै गराउन सकिन्छ । यसका लागि विशेष जनशक्ति पनि तयार गर्न सकिन्छ । संग्रहालय, प्रदर्शनी, पाल्पा, प्रदेश नं. ५ को इतिहास, संस्कृति, जातीय बनोट आदिको बारेमा जानकारी दिनसक्ने गाइडको आवश्यकता पर्दछ । त्यस्तै संग्रहालय गाइडको लागि Audio Guide र Museum App को विकास गरि मोवाइलमा डाउनलोड गर्न सकिने बनाउन सकिन्छ ।

### ५.८.५ अवलोकनकर्ताहरुलाई आराम गर्ने ठाउँ

संग्रहालयको अवलोकन गर्दा अवलोकनकर्ताहरु थाक्ने हुँदा आवश्यकतानुसारको उपयुक्त ठाउँमा आराम गर्ने ठाउँहरु बनाउन प्रस्ताव गरिएको छ । वयोवृद्ध, असक्त अवलोकनकर्ताहरु तथा बालबच्चाहरुको लागि अझ आवश्यक छ । यस संग्रहालयको सन्दर्भमा पनि यस प्रयोजनका लागिविभिन्न ठाउँमा आराम गर्ने ठाउँहरु बनाउन सिफारिस गरिन्छ । यस प्रयोजनका लागि यस संग्रहालयमा उपयुक्त ठाउँ पर्याप्त छ । वर्तमान संग्रहालय भवनका सवै तलाहरुमा फराकिलो कोरिडोर रहेकोले त्यहाँ आरामदायी बेञ्च वा सोफाहरु राखेर यो आवश्यकता पूर्ति गर्न सकिन्छ । यसका लागि परम्परागत एवं स्थानीय उत्पादनलाई प्राथमिकता दिनुपर्नेछ ।

### ५.८.६ उपहार पसल

संग्रहालय परिसरमा आगन्तुकहरु लक्षित उपहार पसलहरुको व्यवस्था गर्नु आधुनिक संग्रहालयहरुको एउटा मुख्य काम भइसकेको छ । यस संग्रहालयको सन्दर्भमा पनि प्रदर्शनीमा रहेका महत्वपूर्ण एवं आकर्षक वस्तुहरुको पुर्नउत्पादित वस्तु, संग्रहालय गाइडबुक, पाल्पाको पहिचानको रुपमा रहेको ढाका कपडाका उत्पादित वस्तुहरु र हस्तकला उत्पादनका अन्य कलाकृति लगायतका वस्तुहरु विक्रिका महत्वपूर्ण सामाग्रीहरु हुनेछन् ।

### ५.८.७ फोटो बुथ

संग्रहालय परिसरमा एउटा फोटो बुथ पनि राख्न प्रस्ताव गरिएको छ ।

## ५.९ प्रवर्द्धन सम्बन्धी कार्यहरु

### ५.९.१ प्रचार/प्रसार

संग्रहालय र प्रदर्शित वस्तुहरुको महत्वका बारेमा र संग्रहालयको आवश्यकताका बारेमा प्रचार प्रसार गर्नु संग्रहालयका महत्वपूर्ण कार्यहरु मध्ये एक हो । यसका लागि म्यूजियम परिचय-पत्र (brochure) तयार गरि वितरण गर्नु पर्दछ । साथै संग्रहालयहरुले संचारका माध्यमहरु पत्र पत्रिका, रेडियो, टेलिभिजन तथा अन्य विद्युतीय सञ्चार माध्यमका साधनहरुको उपयोग गरि प्रचार प्रसार गर्नुपर्दछ । यस संग्रहालयको सन्दर्भमा पनि यीनै सञ्चारका माध्यमहरुबाट प्रचार प्रसारको सन्दर्भमा प्रचार प्रसारका सामाग्रीहरुको निर्माण गरि सञ्चारका विभिन्न माध्यमका मार्फत प्रचार प्रसार गर्न प्रस्ताव गरिएको छ । यसको अलावा सार्वजनिक कार्यक्रमहरुको आयोजना गरेर पनि प्रचार प्रसार गर्न सकिन्छ ।

### ५.९.२ पुस्तकालय

संग्रहालयको लागि एउटा स्तरीय पुस्तकालयको आवश्यकता पर्दछ । यस संग्रहालयको सन्दर्भमा यसको आफ्नो पुस्तकालयको अभाव रहेको छ । पुस्तकहरु खरिद गरेर एउटा स्तरीय पुस्तकालय स्थापना गर्नु आवश्यक छ । नेपालको इतिहास, संस्कृति, कला-वास्तुकला, पुरातत्व, चल/अचल सम्पदा संरक्षण, संग्रहालय विज्ञान, प्रदर्शनी व्यवस्थापन, प्रदेश नं. ५ को जातीगत समुदायको संस्कृति, यस प्रदेशको सम्पूर्ण पक्षको वारेमा जानकारी दिने लगायतका पुस्तकहरु प्राप्त गर्न वा खरिद गर्न सिफारिस गरिन्छ ।

### ५.९.३ अध्ययन-अनुसन्धान

संग्रहित वस्तुहरुका अलावा अन्य सान्दर्भिक विषयको अध्ययन अनुसन्धान गर्नु गराउनु संग्रहालयको अर्को महत्वपूर्ण काम हो । अध्ययन अनुसन्धान विना एउटा संग्रहालयले पूर्णता पाउँदैन तसर्थ आफु स्वयंले वा अरुसंग सहकार्य गरेर अध्ययन अनुसन्धान कार्य गर्नु गराउनु आवश्यक छ ।

### ५.९.४ संग्रहालय शिक्षा

संग्रहालयहरुले सम्पादन गर्नुपर्ने अर्को महत्वपूर्ण कार्य संग्रहालय शिक्षालाई प्रोत्साहन गर्नु हो । संग्रहालयहरु स्वयं प्रत्यक्ष ज्ञान प्रदान गर्ने शैक्षिक संस्था पनि हुन् । यस संग्रहालयको सन्दर्भमा शैक्षिक संस्थाहरु खासगरी विद्यालयहरुको साझेदारीमा संग्रहालय एवं प्रदर्शित वस्तुहरुको बारेमा शैक्षिक कार्यक्रम संञ्चालन गर्न प्रस्ताव गरिएको छ । यस्ता शैक्षिक कार्यक्रमहरुमा संग्रहित वस्तुहरुको विषयवस्तु, महत्व आदिका बारेमा अवलोकनकर्ता एवं आम नागरिकलाई शिक्षित गर्न सकिन्छ ।

### ५.९.५ गाइडबूक लेखन एवं प्रकाशन

संग्रहालय एवं प्रदर्शित वस्तुहरुको बारेमा आवश्यक जानकारी दिन अंग्रेजी र नेपाली दुवै भाषामा संग्रहालय गाइडबूक तयार गरि प्रकाशित गर्न प्रस्ताव गरिएको छ ।

### ५.९.६ समाजसंग सम्बन्ध स्थापना

संग्रहालयहरु जनसाधारणका लागि स्थापना भएका हुँदा विभिन्न माध्यमहरुबाट अवलोकनकर्ता एवं जनसाधारणहरुसंग बारम्बार छलफल लगायतका कार्यक्रमहरुको माध्यमबाट जनसाधारणसंग सम्बन्ध स्थापना गर्न प्रस्ताव गरिएको छ ।

### ५.९.७ अन्तर्राष्ट्रिय संघ-संस्थासंग सम्बन्ध स्थापना

संग्रहालय स्थापनासम्वन्धी विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरु स्थापना भएका छन् । जस्तो संग्रहालयहरुको अन्तर्राष्ट्रिय परिषद (International Council of Museums) लगायतका संस्थाहरु संग्रहालयको विकास एवं प्रवर्द्धनमा सक्रिय छन् । तिनीहरुले अवलम्बन गरेको कार्य पद्धति, संरक्षण एवं संवर्द्धन सम्बन्धी कार्यहरु धेरै अनुकरणीय छन् । यस सन्दर्भमा संग्रहालयको अन्तर्राष्ट्रिय परिषदले तयार गरेको संग्रहालयहरुको लागि आचार संहिता (Code of Ethics for Museum) महत्वपूर्ण सामाग्री हो । तसर्थ यस संग्रहालयले पनि विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंग सम्बन्ध स्थापना गर्नु आवश्यक छ ।

## ५.१० संग्रहालय परिसरको स्तरोन्नती

एउटा संग्रहालयलाई आकर्षकरुपमा प्रस्तुत गर्न संग्रहालय भवनको वास्तु र संग्रहालय परिसरको सुन्दरीकरण कार्यको महत्वपूर्ण योगदान रहन्छ । यस संग्रहालयको भवन Neo-Classical वास्तुकलाको उत्कृष्ट नमूना भएकोले संरचना स्वयमं अवलोकनीय छ । यस भवनमा प्रवेश गर्ने परम्परागत शैलीको प्रवेशद्वार र यसको आसपासका ऐतिहासिक संरचनाहरु पनि अवलोकनीय छन् ।

हाल संग्रहालय परिसरको खालि ठाउँ सिमित छ । तर सम्बन्धित पदाधिकारीले जानकारी गराए अनुसार पाल्पा दरबारको वरिपरी दरबारको स्वामित्वमा पर्याप्त जग्गा रहेको र हाल विभिन्न निकाय एवं संघ संस्थाहरुले उपभोग गरिरहेको अवस्था छ । अहिले नै कुन-कुन दिसातर्फ के-कति उपलब्ध हुनसक्छ/हुन्छ यकिन हुन नसकेको हुँदा हाल उपलब्ध ठाउँको आधारमा मात्र स्तरोन्नती तथा सुन्दरीकरणको योजना प्रस्तुत गरिएको छ, जसको नक्सा एवं डिजाइन यसै अध्ययनको अनुसूचीमा समावेश गरिएको छ । पछि संग्रहालयलाई प्राप्त हुने सम्पूर्ण जग्गा/ठाउँको यकिन भएपछि यस डिजाइन एवं योजनको पुनरावलोकन गर्न सकिनेछ ।

१. पाल्पा दरबार संग्रहालयको स्वामित्वमा रहेको दरबार परिसरको सम्पूर्ण जग्गा पाल्पा दरबार संग्रहालय आफैंले पूर्ण रुपमा उपभोग गर्ने गरि रहनु आवश्यक छ । तसर्थ पाल्पा दरबार संग्रहालय लगायतका सरोकारवाला निकायलाई दरबारको स्वामित्वको रुपमा रहेको जग्गाको क्षेत्रफल यकिन गर्न र संग्रहालयले उपभोग गर्न पाउने व्यवस्था गर्न जोडदार सिफारिस गरिन्छ ।

२. हाललाई उपलब्ध ठाउँलाई मध्यजनर गरि संग्रहालय परिसरको उपयोग एवं आकर्षक बनाउन निम्न प्रस्ताव गरिएको छ -

   क) संग्रहालय प्रयोजनका लागि अति आवश्यकीय संरचना बाहेकका अनावश्यक अन्य संरचनाहरु निर्माण नगर्न प्रस्ताव गरिन्छ । संग्रहालय परिसरका अनावश्यक संरचनाहरुले

एकातिर संग्रहालय परिसरलाई साँघुरो बनाउँदछ भने अर्कातिर संग्रहालय भवन स्वयंको र परिसरको दृष्यात्मक सौन्दर्यलाई असर पुऱ्याउँदछ,

ख) संग्रहालयको मुख्य प्रवेशद्वार संग्रहालय परिसरको पूर्वतर्फ स्थानान्तरण गर्नु उपयुक्त देखिन्छ । स्कूल बस तथा गाडीहरुको लागि मात्र उत्तरतर्फको प्रवेशद्वार उपयोग गर्न सकिन्छ ।

ग) पूर्वतर्फको प्रवेशद्वार बाहिर सुरक्षाकर्मीका लागि सामान्य संरचना बनाउन सकिने छ ।

घ) हाल संग्रहालय परिसरमा उत्तरतर्फ रहेको शौचालयलाई घाम लाग्ने ठाउँ भएकाले दक्षिणतर्फ स्थानान्तरण गर्न प्रस्ताव गरिएको छ । जुन स्कूल विद्यार्थीहरुको प्रयोगका लागि उपयुक्त हुन्छ ।

ङ) संग्रहालय परिसरलाई गाडी पार्किङ र बगैंचा विकास विस्तार गर्ने प्रयोजनका लागि उपयोग गर्न प्रस्ताव गरिएको छ ।

च) संग्रहालय सिमानाको पर्खालको सबै भागलाई उपयुक्त बनस्पती तथा लहरेदार फूलले सुसज्जित गर्न प्रस्ताव गरिएको छ ।

छ) संग्रहालय परिसरलाई संग्रहालय अवलोकन गर्न आउने र संग्रहालयमा कुनै कार्य प्रयोजनका लागि आउनेलाई मात्र प्रवेश दिने व्यवस्था गर्नु पर्दछ ।

सन्दर्भ सामाग्री


१. ICOM, 2013, ICOM Code of Ethics for Museum, International Council of Museum, Paris.

२. राष्ट्रिय संग्रहालय, २०७० हीरक जयन्ती स्मारिका, राष्ट्रिय संग्रहालय, छाउनी, काठमाडौं ।

३. UNESCO 1985, Recommendation concerning the most Effective Means of Rendaring Museums Accessible to Everyone, UNESCO, Paris.

४. The handbook for museums by Gary Edson and David Dean, Routledge publication.

५. Museum Basis by Timothy Ambrose and Crispin Paine, Routledge publication.

६. The manual of museum planning edited by Gali Dexter Lord and Barry Lord, The stationary publication.

७. The manual of museum Exhibitions edited by Barry Lord and Gail Baxter Lord, Rowan & Littlefield publication, INC.

## अनुसूची - १

### गुरुयोजनामा प्रस्तावित कार्यक्रमहरु र कार्यान्वयनका लागि अनुमानित रकम/लागत

| क्र.सं. | कार्यक्रम | अनुमानित लागत |
|---|---|---|
| १ | संग्रहालय भवनको भित्रीभागमा पुन रङ्ग लगाउने, भऱ्याङहरु मर्मत, शौचालयहरुको सुधार एवं नयाँ निर्माण | २५00000 |
| २ | ग्यालरी/प्रदर्शनी कक्ष लगायत अन्य कक्षहरुको Layout तथा डेकोरेसन | १0000000 |
| ३ | सोकेशहरुको रिमोडलिङ र नयाँ सोकेश लगायत प्रदर्शनीको लागि आवश्यक सामाग्रीहरुको निर्माण/खरिद | २0000000 |
| ४ | प्रदर्शनीका लागि सामाग्री खरिद एवं उत्पादन | ६000000 |
| क | जातिगत समुदायहरुसंग सम्बन्धित आवश्यक सामाग्रीहरु खरिद | ५000000 |
| ख | स्तरीय फोटो संकलन एवं उत्पादन | २५00000 |
| ग | जीवन्त संस्कृतिको Audio/Visual संकलन वा उत्पादन | २५00000 |
| घ | प्रदेश नं. ५ को परिचय सम्बन्धी सामाग्री संकलन वा उत्पादन | ४५00000 |
| ङ | ऐतिहासिक सामाग्री संकलन | ३000000 |
| ५ | माष्टर, समुहगत र वस्तुहरुको परिचय-पत्र/पाटी तयार गर्ने | १५00000 |
| ६ | पाल्पाली ढाका र धातुवास्तु उत्पादन प्रविधिको प्रदर्शनी | १000000 |
| ७ | संग्रहालयको परिचय पुस्तिका र गाइड बुकको लेखन एवं प्रकाशन | ७00000 |
| ८ | पुस्तकालयका लागि पुस्तकहरु खरिद गर्ने | २५0000 |
| ९ | विद्युत लाइनको सुधारर /GENARATOR | २000000 |
| १० | संग्रहालय परिसर बगैंचा वाहेकको भागमा ढुङ्गा छाप्ने | १५00000 |
| ११ | संग्रहालय परिसरमा फूल वा रुख विरुवा लगाउने | १५00000 |
| १२ | विभिन्न जातिको शारीरिक आकृति (Mannequin) | १८00000 |

# अनुसूची - २

## अवलोकनकर्ताको राय संकलन

पाल्पा दरवार संग्रहालय अवलोकनकर्ताहरुका लागि प्रश्नावली:

१. संग्रहालय कस्तो लाग्यो ?

..........................................................................................................................

..........................................................................................................................

२. संग्रहालयमा सेवा सुविधा कस्तो पाउनु भयो ?

..........................................................................................................................

..........................................................................................................................

३. प्रदर्शनी व्यवस्थापनमा कस्ता कस्ता समस्या देख्नु भयो ?

..........................................................................................................................

..........................................................................................................................

४. संग्रहालयलाई स्तरीय बनाउनका लागि के के गर्नुपर्ला ?

..........................................................................................................................

..........................................................................................................................

५. संग्रहालय परिसरलाई आकर्षक बनाउन के के गर्नुपर्ला ?

..........................................................................................................................

..........................................................................................................................

६. पाल्पा दरवार परिसरका अन्य संरचनाहरुलाई कसरी सदुपयोग गर्न उपयुक्त हुन्छ ?

..........................................................................................................................

..........................................................................................................................

७. यदि अन्य सुझाव केही भए छोटकरीमा लेख्नुहोस् ।

..........................................................................................................................

..........................................................................................................................

# अनुसूची ३

## पाल्पा दरवार संग्रहालय मा दरबन्दि कायम कर्मचारीहरुको विवरण

| क्र.सं. | पद | संख्या | दरबन्दी |
|---|---|---|---|
| १ | संग्रहालय प्रमुख | १ | १ |
| २ | पथ प्रदर्शक | १ | १ |
| ३ | ग्यालरी सहायक | १ | १ |
| ४ | सह-लेखापाल | १ | १ |
| ५ | खरिदार | १ | १ |
| ६ | कार्यालय सहयोगी | २ | २ |
| | **जम्मा** | ७ | ७ |

# अनुसूची ४

पाल्पा दरबार संग्रहालयको प्रदर्शनीका लागि सामाग्री संकलन, विषयवस्तुको छनोट, परिचय पाटी, श्रव्य/दृष्य, विभिन्न जातिको शारीरिक आकृतिसम्बन्धी कार्य गर्न तथा प्रभावकारी प्रदर्शनीको व्यवस्थापनका निमित्त सहायकसिद्ध हुन सकोस भन्ने उद्देश्यले संग्रहालयको स्तरोन्नतीसम्बन्धी गुरुयोजनाको अनुसूचीको यस खण्डमा सो सम्बन्धी आधारभूत मार्गनिर्देशनहरु प्रस्ताव गरिएको छ।

प्रदर्शनीमा राखिने सामाग्रीहरु एवं वस्तुहरुको उपलब्धता एवं उपलब्ध ठाउँलाई समेत मध्यनजर गरेर प्रदर्शनीको व्यवस्था मिलाउनु पर्ने हुन्छ।

यो एउटा अवधारणात्मक (Conceptual) गुरुयोजना भएकोले गुरुयोजनाको मुख्य खण्डमा यी विषयहरु समावेश गर्न त्यति उपयुक्त हुने नदेखिएकाले अनुसूचीमा समावेश गरिएको छ।

## (क) प्रदेश नं. ५ को परिचय

यस खण्डमा निम्न सहायक विषयवस्तुहरु समावेश गर्न प्रस्ताव गरिएको छ-

१. **प्रदेश नं. ५ को भौगोलिक अवस्थिति र परिचय**

क) नेपालको नक्सामा यस प्रदेश अन्तर्गतका १२ वटा जिल्लाहरु सहित प्रदेश नं. ५ देखाउने

ख) भौगोलिक अवस्थिति एवं भू-बनोट

ग) नेपालको सम्पूर्ण भू-भागमा यस प्रदेशले ओगटेको क्षेत्रफल प्रतिशतमा

घ) यस प्रदेशको जम्मा क्षेत्रफल

२. **जनसंख्यासम्बन्धी विवरण**

क) यस प्रदेशको जनसंख्या

ख) जिल्लागत जनसंख्या

ग) जातीगत जनसंख्या

३. **ऐतिहासिक परिचय**

क) तिनाउ नदि किनारमा प्राप्त रामापिथेकस ( Ramapithecus) को फोसिल्स

ख) दाङ देउखुरी उपत्यकाको प्राग इतिहास (Pre-history)

ग) भगवान गौतम बुद्धको जन्म र उनको जीवनीसंगसम्बन्धित घटनाहरु

घ) सम्राट अशोक र त्यसपछिको इतिहास

ङ) चौविसी राज्यहरुको उदय र पाल्पा

च) नेपाल राज्यको एकीकरणमा समाहित

छ) त्यसपछिका ऐतिहासिक घटनाक्रम

४. **प्राकृतिक सम्पदा**

क) प्राकृतिक सौन्दर्यका स्थलहरु

ख) नदि एवं झरनाहरु

ग) वनस्पति

घ) जीवजन्तु

५. **सांस्कृतिक सम्पदा एवं पुरातात्विक स्थल (लुम्बिनी, कपिलवस्तु, रानीमहल, ठूलो त्रिशूल, विभिन्न मन्दिरहरु आदि)**

६) **पर्यटकीय गन्तव्य स्थलहरु**

## (ख) पाल्पाको राजनैतिक इतिहास

१) **इतिहास**

क) चौविसी राज्यको रुपमा स्थापित हुनुभन्दा पहिलेको पाल्पा

ख) सेन वंशको स्थापना

ग) सेन राजाहरुको वंशक्रम

घ) पाल्पा राज्य अन्तर्गतका भू-भागहरु

ङ) शक्तिशाली राज्यको रुपमा पाल्पा

च) राजधानी एवं व्यापारिक केन्द्रको रुपमा तानसेन

छ) पाल्पा नेपाल राज्यमा समाहित

ज) राणाकालमा पाल्पा

२) **ऐतिहासिक सामाग्रीहरुको संकलन र सानो आकारको Archives को स्थापना**

क) **वंशावलीहरु -** इतिहासकारहरुले सेन वंशको वारेमा उल्लेख भएका विभिन्न वंशावलीहरुको उल्लेख गरेका छन् । जस्तो- सन् १७६८ तिर कामरी दत्त सेनको पालामा लेखिएको वंशावली, सन् १८०२ मा पं. भवदत्तले लेखेको वंशावली आदि । यस्ता वंशावलीहरु यस संग्रहालयका लागि महत्वपूर्ण संकलन हुन सक्छन् ।

ख) **चिट्ठीपत्रहरु -** सेन राजाहरुसंग सम्बन्धित धेरै चिट्ठी पत्रहरु प्रकाशमा आएका छन् । प्राध्यापक विष्णुप्रसाद घिमिरेले पाल्पा राज्यको इतिहासमा, प्राध्यापक टेक बहादुर श्रेष्ठले Contribution to Nepalese Studies मा, महेशराज पन्तले पूर्णिमाका विभिन्न अंकहरुमा छपाएका छन् । अन्य विद्वानहरुले पनि चिट्ठीपत्रहरु प्रकाशमा ल्याएका छन् ।

ग) **अभिलेख/शिलापत्र -** सेन राजाहरुसंग सम्बन्धित शिलापत्रका उतार तथा प्रतिलिपिहरु यस संग्रहालयको महत्वपूर्ण संकलन हुन सक्छन् ।

वंशावलीहरु, चिट्ठीपत्रहरु संकलन गरेर ओरिजनल सामाग्रीहरु संग्रहालय प्रदर्शनीमा वा प्रस्तावित पुस्तकालयको एक खण्डमा सानो आकारको Archives स्थापना गरेर राख्न सकिन्छ ।

## (ग) खस आर्यसम्बन्धी कक्ष

खस आर्यसम्बन्धी कक्षमा निम्न सामाग्रीहरु प्रदर्शनीमा राख्न उपयुक्त हुने-

१) खस आर्यको जातीय परिचय, सामाजिक संगठन एवं जनसंख्या

२) प्रदेश नं. ५ का खस आर्यका विभिन्न थरहरु

३) यस प्रदेशमा खस आर्यको मुख्य एवं परम्परागत बसोवास क्षेत्र

४) खस आर्यको मुख्य एवं परम्परागत वस्ती एवं घरहरुको फोटो

५) परम्परागत पहिरन एवं गरगहना सहित खस आर्य महिला र पुरुषको एक-एक पूर्णकदको शारीरिक आकृति

६) परम्परागत भेशभूषा एवं गरगहना

७) खस आर्यको भान्छामा प्रयोग हुने भाँडाकुँडाहरु

८) पूजा-आजामा प्रयोग हुने भाँडावर्तन एवं वस्तुहरु

९) खस आर्यको संस्कार एवं चाडपर्वका तस्विर

१०) खस आर्य समुदायले अथवा जानकारहरुले खस आर्यको पहिचानसंगसम्बन्धित भनी पहिचान गरेका अन्य सामाग्री एवं विषयवस्तुहरु

११) नाप तौलका सामाग्रीहरु

## (घ) नेवार समुदायसम्बन्धी कक्ष

यस कक्षमा निम्न सामाग्रीहरु प्रदर्शनीमा राख्नु उपयुक्त हुने-

१) नेवार समुदायको जातीय परिचय, सामाजिक संगठन एवं जनसंख्या

२) प्रदेश नं. ५ मा नेवार समुदायको इतिहास

३) नेवार समुदायको परम्परागत वस्ती, वसोवास क्षेत्र एवं वातावरण सहितको फोटो वा स्केच

४) नेवार समुदायको परम्परागत शैलीको घर भवनको फोटो

५) परम्परागत पहिरन एवं गरगहना सहित नेवार महिला र पुरुषको एक-एक पूर्णकदको शारीरिक आकृति

६) परम्परागत भेशभूषा एवं गरगहना

७) नेवार समुदायको भान्छामा प्रयोग हुने भाँडाकुँडाहरु

८) पूजा-आजा एवं धार्मिक क्रियाकलापमा एवं संस्कारहरुमा उपयोग हुने सामाग्री एवं भाँडा वर्तनहरु

९) नेवार समुदायका वाद्य वादनका उपकरणहरु

१०) नापतौलका सामाग्रीहरु

११) परम्परागत कला कौशल उत्पादन तथा बुनाई प्रविधि एवं उपकरणहरु

१२) नेवार समुदायको परम्परागत प्रदर्शनी/मञ्चनकलाका फोटो

१३) पाल्पाका नेवार समुदायमा प्रचलित जात्रापर्व, संस्कार एवं सामाजिक अनुष्ठानको तस्विर

१४) नेवार समुदायले उनीहरुको सांस्कृतिक पहिचानसँग सम्बन्धित भनी पहिचान गरेका अन्य सामाग्रीहरु

## (ङ) मगर समुदायसम्बन्धी कक्ष

मगर समुदायसम्बन्धी प्रदर्शनीमा निम्न वस्तुहरु एवं विषयवस्तुहरु समावेश गर्न उपयुक्त हुने-

१) मगर समुदायको जातीय परिचय, सामाजिक संगठन एवं जनसंख्या

२) मगर जातीको परम्परागत वसोवास क्षेत्र

३) वातावरण, परम्परागत शैलीका घर भवन सहितको मगर वस्तीको फोटो

४) परम्परागत पहिरन एवं गरगहना सहितको मगर महिला र पुरुषको एक-एक पूर्णकदको शारीरिक आकृति

५) परम्परागत भेशभूषा एवं गरगहना

६) परम्परागत पेशा सम्बन्धी तस्विरहरु

७) कृषि औजार एवं हातहतियारहरु

८) बुनाई एवं वस्तु उत्पादन प्रविधि एवं उपकरणहरु

९) दैनिक उपयोगका भाँडावर्तनहरु

१०) सांगीतिक उपकरण

११) भेशभूषा एवं गरगहना

१२) नापतौलका सामाग्रीहरु

१३) कृषि औजार र हातहतियारहरु

१४) संस्कार, सामाजिक अनुष्ठान, जात्रापर्व, मञ्चन/प्रदर्शनी कलाका तस्विर

१५) मगर समुदायले उनीहरुको सांस्कृतिक पहिचानसँगसम्बन्धित भनी पहिचान गरेका अन्य सामाग्रीहरु

## (च) थारु समुदायसम्बन्धी कक्ष

थारु जातिसम्बन्धी प्रदर्शनी कक्षमा निम्न विषयवस्तु एवं सामाग्रीहरु प्रदर्शनीमा राख्न उपयुक्त हुने-

१) थारु जातिको जातीय परिचय, सामाजिक संगठन एवं जनसंख्या

२) प्रदेश नं. ५ मा थारुहरुको परम्परागत वसोवास क्षेत्र नक्सामा देखाउने

३) वातावरण, परम्परागत घर भवन सहितको फोटो

४) परम्परागत पहिरन एवं गरगहना सहित थारु महिला र पुरुषको आकृति

५) थारु समुदायको भेशभूषा र गहनाहरु

६) भान्छामा प्रयोग हुने भाँडाकुँडाहरु

७) पूजा एवं संस्कारसँगसम्बन्धित भाँडाकुँडा एवं वस्तुहरु

८) कृषि औजार र हातहतियारहरु

९) अन्न भण्डारण गर्ने वस्तुहरु

१०) वाद्य वादनका उपकरणहरु

११) नापतौलका उपकरणहरु

१२) थारु समुदायको संस्कार, सामाजिक अनुष्ठान, जात्रापर्व, प्रदर्शनी/मञ्चन कला, संस्कारसँग सम्बन्धित फोटोहरु

१३) थारु समुदायले उनीहरुको सांस्कृतिक पहिचानसँगसम्बन्धित भनी पहिचान गरेका अन्य सामाग्रीहरु

## (छ) मुस्लिम समुदायसम्बन्धी कक्ष

मुस्लिम समुदायसम्बन्धी कक्षमा निम्न सामाग्री एवं विषयवस्तुहरु प्रदर्शनीमा राख्न उपयुक्त हुने-

१) तराई र पहाडमा बस्ने मुस्लिम समुदायको परिचय, सामाजिक संगठन एवं जनसंख्या

२) मुस्लिम समुदायको परम्परागत वसोवास क्षेत्र

३) स्थानीय वातावरण सहित परम्परागत घरहरुको फोटो

४) परम्परागत पहिरन एवं गरगहनाले सु-सज्जित महिला एवं पुरुषको आकृति

५) मुस्लिम समुदायको परम्परागत वस्त्र एवं गरगहनाहरु

६) भाँडावर्तन

७) वाद्यवादन उपकरण

८) हातहतियार

९) मुस्लिम संस्कार, सामाजिक अनुष्ठान एवं चाडपर्वका तस्विरहरु

१०) मुस्लिम कला उत्पादन, बुनाई प्रविधि एवं उपकरणहरु

११) एउटा मस्जिदको फोटो

१२) मुस्लिम समुदायले उनीहरुको सांस्कृतिक पहिचानसँगसम्बन्धित भनी पहिचान गरेका अन्य सामाग्रीहरु

## (ज) पहाड र तराईका विशिष्टिकृत सीप एवं पेशागत जातीय समुदायहरुको संस्कृतिसम्बन्धी प्रदर्शनी

नेपालको पहाडी भू-भाग र तराईमा आफ्नो परम्परागत विशिष्टिकृत सीप एवं पेशा अवलम्बन गर्दै आएका विभिन्न जातीय समुदायहरु वसोवास गर्दछन् । उदाहरणका लागि पहाडका निम्न जातीय समुदायलाई लिन सकिन्छ-

**दमाई समुदाय-** पहाडी भू-भागमा वसोवास गर्ने दमाई समुदायले पञ्चे बाजा एवं नौमती बाजा बजाउने गर्दछन् । तसर्थ यस संग्रहालयको सानो भागमा दमाई समुदायको परिचय सहित यी बाजाका उपकरणहरु प्रदर्शनीमा राख्न उपयुक्त हुने ।

**कामी समुदाय-** नेपालको पहाडी क्षेत्रमा फलामका कृषि औजारहरु बनाउने कामी समुदायको परिचय सहित उनीहरुले औजार उत्पादन गर्ने प्रविधि तथा औजारहरु प्रदर्शनीमा राख्न उपयुक्त हुने । उदाहरणको लागि आरनलाई लिन सकिन्छ ।

**सार्की समुदाय-** पहाडी क्षेत्रमा परम्परागतरुपमा जुत्ता लगायत छालाका वस्तुहरु बनाउने सार्की समुदायको परिचय सहित यस प्रविधिसँग सम्बन्धित उपकरणहरु प्रदर्शनीमा समावेश गर्दा उपयुक्त हुने ।

यस्तै परम्परागत सीप भएका तराईका विभिन्न भागमा बसोवास गर्ने जातीगत समुदायहरुको परिचय सहित वस्तु तथा वस्तु उत्पादन प्रविधिलाई प्रदर्शनीमा समावेश गर्दा यस प्रदेशका सबै परम्परागत समुदाय र प्रविधिको प्रतिनिधित्व हुने थियो ।

**जातीय समुदायगत प्रदर्शनीमा राखिने सामाग्रीहरुको संकलन गर्दा एवं विषय वस्तुको छनौट गर्दा लोप हुन लागेका लाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।**

## (झ) विभिन्न जातिको शारीरिक आकृति (Mannequin)

संग्रहालयको स्तरोन्नतीसम्बन्धी यस गुरुयोजनामा सम्बन्धित जातीय भेशभूषा एवं गरगहनाले सुसज्जित महिला र पुरुषका शारीरिक आकृतिहरु (Mannequin) दुई ठाउँमा राख्न प्रस्ताव गरिएको छ । प्रत्येक जातीय समुदायको सांस्कृतिक वस्तुहरु राखिएको ठाउँमा र संग्रहालय अवलोकन गरिसकेपछि अवलोकनकर्ताहरुलाई जातीय संग्रहालयको प्रत्याभूति हुन सकोस र सरोकारवालाहरुको चाहनालाई समेत सम्मान गर्दै आगन्तुकहरुले संग्रहालय अवलोकन गरेर बाहिर निस्कने भुइँतलाको कोठा नं. ३ मा प्रदेश नं. ५ का सबै जातिहरुको शारीरिक आकृति राख्न प्रस्ताव गरिएको छ ।

### जातीय कक्षमा राखिने शारीरिक आकृति (**Mannequin**) बनाउने सामाग्री

यस्ता आकृतिहरु विभिन्न सामाग्रीहरुबाट बनाउन सकिन्छ । जस्तो- माटो, ढुङ्गा, धातु, काठ, फाइबर ग्लास, रेजिन आदि । यस संग्रहालयको प्रयोजनको लागि शारीरिक आकृतिका विभिन्न भाग एवं अङ्गहरु छुट्ट्याउन र जोड्न सकिने Wooden armature बनाउने र सम्बन्धित समुदायको भेशभूषा, एवं गरगहनाले सुसज्जित गर्ने । यसको अनुहार काठ कै बनाएर उपयुक्त रङ्ग लगाउने वा फाइबर ग्लास (Resin) बाट बनाउन सकिन्छ । स्थानीयरुपमा उपलब्ध अन्य सामाग्री/पदार्थहरुबाट पनि बनाउन सकिन्छ । यस्ता आकृतिहरु बनाउने कलाकारहरुको सिफारिस एवं छनोटका सामाग्रीहरुलाई समेत प्राथमिकता दिनु उपयुक्त हुन्छ । जातीय अनुहार, भेशभूषा तथा गरगहनामा विशेष ध्यान दिनु पर्दछ र अङ्ग प्रत्यङ्ग मिलेको हुनु पर्दछ ।

### शारीरिक आकृतिको उचाई

पुरुषको आकृतिको उचाई लगभग ५.५ फिट सम्मको र महिलाको ५ फिट सम्मको उचाई उपयुक्त हुन सक्दछ ।

संग्रहालय अवलोकन गरिसकेपछि बाहिर निस्कने कोठा नं. ३ मा केही साना आकारका यस्ता आकृतिहरु राख्न सकिन्छ ।

## (ञ) संग्रहालय प्रदर्शनीमा राखिने परिचय पाटीहरुको आकार प्रकार र सामाग्री

यस संग्रहालय प्रदर्शनीका विभिन्न विषयवस्तुहरुको माग अनुसार धेरै विषयहरुलाई लिखित Text को माध्यमबाट प्रस्तुत गर्नु आवश्यक छ । यस्ता लिखित Text विषयगत विज्ञहरुद्वारा तयार गर्नुपर्ने हुन्छ । यस्ता लिखित पत्र एवं पाटीहरु कस्ता आकार-प्रकारका हुने, कस्ता सामाग्रीहरुबाट बनाउने, कस्तो ठाउँमा र कसरी राख्ने भन्ने कुराहरुलाई विशेष ध्यान दिनुपर्ने हुन्छ । यस्ता कुराहरुको कुनै सर्वमान्य सिद्धान्त त हुदैन तर यस संग्रहालयको प्रयोजनको लागि निम्नानुसार गर्नु उपयुक्त देखिन्छ -

**(क) परिचय पाटी/पत्रको आकार**

एउटा परिचय पाटी/पत्रको Vertically अधिकतम् आकार ३६×२४ ईन्चको उपयुक्त देखिन्छ तर थोरै विषयवस्तु भएको खण्डमा सोही अनुसार पाटी वा पत्रको आकार सानो बनाउन सकिन्छ । समग्रमा लिखित विषयवस्तुको मात्राका आधारमा यस्ता परिचय पाटीहरुको आकार निर्धारण गर्नुपर्ने हुन्छ तर ३६×२४ ईन्च भन्दा ठूलो हुनु चाहि हुदैन । विशेष अवस्थामा बाहेक एउटा विषय एउटै पाटी/पत्रमा अटाउने गरि प्रस्तुत गर्नु पर्दछ ।

**(ख) अक्षरको आकार**

यस्ता परिचय पाटी वा पत्रहरुमा लेखिने वा टाँसिने अक्षरहरुको आकार आगन्तुकहरुले सजिलै पढ्न सकिने हुनुपर्दछ । सामान्यतया मूल पाठका अक्षरहरु १८-२४ Point विचको आकारमा राख्न सकिन्छ ।

**(ग) परिचय पाटी/पत्रको सामाग्री**

यसको पनि कुनै सर्वमान्य सिद्धान्त त हुँदैन । विभिन्न माध्यममा उत्पादन गर्न तथा बनाउन सकिन्छ तर सामान्यतया एउटा संग्रहालय प्रदर्शनीमा राम्रो र सफा देखिने मोटो खालको Forex Board मा प्रिण्ट गरेर राख्न सकिन्छ । त्यस्तै प्रदर्शनीमा राखिने लिखित सामाग्रीहरुलाई पारदर्शी सेतो वा अन्य रङ्गको बोर्डमा वा भित्तामा स्टिकर टाँसे जस्तो गरेर राख्न पनि सकिन्छ ।

**(घ) भाषा**

यस संग्रहालयको प्रयोजनको लागि यस्ता परिचय पाटी तथा पत्रहरु नेपाली भाषा एवं लिपिमा राख्नुपर्ने हुन्छ साथै विदेशी आगन्तुकहरुलाई लक्षित गरि केही महत्वपूर्ण विषयहरुको बारेमा भने नेपाली र अंग्रेजी दुवै भाषामा पनि राख्नुपर्ने हुन्छ ।

## (ट) **Audio/Visual** का विषयवस्तुहरु

एउटा संग्रहालयको प्रयोजनको लागि Audio/Visual ज्यादै महत्वपूर्ण मानिन्छ । यसले संग्रहालयलाई जीवन्तता प्रदान गर्दछ । तर यस प्रयोजनका लागि कस्ता विषय वस्तुहरु भएका सामाग्रीहरु संकलन एवं उत्पादन गर्ने भन्ने महत्वपूर्ण प्रश्न उठ्नु स्वभाविक हो । सामान्यतया संग्रहालयको मुख्य विषय (Theme) लाई केन्द्रविन्दुमा राखेर सामाग्री उत्पादन गर्नुपर्ने हुन्छ । अर्थात् संग्रहालयको मुख्य विषय वस्तुलाई जीवन्त बनाउन सहायक सिद्ध हुने सामाग्री संकलन वा उत्पादन गर्नु उपयुक्त हुन्छ । तसर्थ यस संग्रहालयको प्रयोजनको लागि निम्न विषयवस्तुका Audio/Visual संकलन तथा उत्पादन गर्नु उपयुक्त हुन्छ -

१) प्रदेश नं. ५ र पाल्पाको परिचय, ऐतिहासिक घटनाक्रम

२) यस प्रदेशका महत्वपूर्ण धार्मिक, पुरातात्विक स्थल, सांस्कृतिक एवं प्राकृतिक सम्पदा

३) पाल्पा दरबार संग्रहालयको परिचय र प्रदर्शनी

४) संग्रहालय प्रदर्शनीमा प्रतिनिधित्व गरेका र नगरेका जातीगत समुदायहरुसँग सम्बन्धित निम्न सांस्कृतिक क्रियाकलापहरुको Audio/Visual सामाग्री संकलन एवं उत्पादन गर्न सिफारिस गरिन्छ -

(क) प्रत्येक जातीगत समुदायहरुको संस्कार, धार्मिक एवं सांस्कृतिक अनुष्ठानहरु

(ख) मञ्चन तथा प्रदर्शनी कला सम्बन्धी जस्तो- नृत्य, गायन, धुनहरु आदि

(ग) प्रत्येक जातीगत समुदायहरुको जात्रा/पर्वहरु

(घ) कलात्मक एवं अन्य वस्तु उत्पादन प्रविधि

(ङ) परम्परागत कृषि प्रविधि

(च) सम्बन्धित समुदायले उनीहरुको मौलिक संस्कृतिसँग सम्बन्धित भनी पहिचान गरेका अन्य सांस्कृतिक क्रियाकलापहरु

Audio/Visual तयार गर्दा लोपोन्मुख सांस्कृतिक क्रियाकलापहरुलाई प्राथमिकता दिनु पर्दछ । साथै सम्बन्धित समुदायहरुद्वारा नै यस्ता सामाग्री संकलन एवं उत्पादन गर्न लगाउनु उपयक्त हुन्छ । यदि संग्रहालय स्वयंले उत्पादन गर्ने हो भने सम्बन्धित समुदायको स्वीकृती र सहमतिमा उत्पादन गर्नुपर्ने हुन्छ ।

## (ठ) सामाग्री संकलन नमूना फाराम

प्राप्ति स्थान ............................................................................ पाना नं. ................

| क्र. सं. | सामाग्री नं. | हस्तान्तरण मिति | दाताको नाम | सामाग्रीको नाम | आकार | निर्मित सामाग्री | विवरण/नोट |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# अनुसूची ४

## तस्विरहरु













हाल संग्रहालय भित्र गरिएको प्रस्तुतिकरण



मौजाद रहेका सग्रहित सामाग्रिहरु

अनुसूची ५

प्रस्तावित तस्विरहरु



पाल्पा दरवारको बगैंचासहितको अगाडिपट्टीको दृष्य






टिकट काउन्टर



प्रशासनिक कक्ष




प्रदेश ५ को परिचय झल्काउने संग्रहालय कक्ष



प्रदेश ५ को ऐतिहासिकता झल्काउने संग्रहालय कक्ष



थारु जातीसङ्ग सम्बन्धित संग्रहालय कक्ष





मगर जातीसङ्ग सम्बन्धित संग्रहालय कक्ष



खस आर्य जातीसङ्ग सम्बन्धित संग्रहालय कक्ष





मदेशि/मुस्लिम समुदायसँग सम्बन्धित संग्रहालय कक्ष







नेवार जातीसङ्ग सम्बन्धित संग्रहालय कक्ष



प्रदेश ५ मा बसोवास गर्ने अन्य जातीसङ्ग सम्बन्धित संग्रहालय कक्ष



सैनिकसँग सम्बन्धित संग्रहालय कक्ष





उजीर सिंह थापासंग सम्बन्धित संग्रहालय कक्ष




करुवा बनाउने प्रविधिसंग सम्बन्धित संग्रहालय कक्ष




ढाका बनाउने प्रविधिसंग सम्बन्धित संग्रहालय कक्ष




फिडब्याक कक्ष



प्रस्तावित भुईतलाको तस्विर




प्रस्तावित पहिलोतलाको तस्विर




प्रस्तावित दोस्रोतलाको तस्विर

# अनुसूची ६


## नक्साहरु




Ground Floor
- Entrance to Museum
- Ticket counter
- Information center
- Cloak room
- Locker
- Courtyard with Statue of Pratap SJB Rana
- Gallery
  - Introduction to Province 5
  - Political history of Palpa, Tansen
- Staircase to the 1st floor
- Temporary Exhibition Hall
- Library
- Conference Hall
- Ethnographic Photo-shoot room
- Representation of ethnographic communities of Province 5
- Feedback counter
- Exit





**First Floor**
- Ethnographic galleries
  - Tharu
  - Magar
  - Khasa Aryan
  - Madhise
  - Musalman
  - Newar
- Staff room
- Other ethnic community of Province 5
- Audio/Visual Room
- Education Activity room




**Second Floor**

- Col.Ujir Singh Gallery
- Ethnographic Gallery
- Technology Gallery
  - Dhaka& Karwa
- Administrative rooms
- Workshop/Store





## EXISTING GROUND FLOOR PLAN

AREA:14060 SFT

0 2 4 6 8 10 15 20 30 40 50 Feet

Scale:- 1"=24

| | | | | |
|---|---|---|---|---|
| **PALPA DURBAR SANGRAHLAYA- PALPA** **Province no.5, Nepal** | **LOCATION:-** Tansen Municipality, Palpa | Consultant:- Arena Development consult Pvt. Ltd. | Checked By:- S. Sapkota | Sheet no |
| | **Drawing Title:-** Architectural Drawing | Drawn By:- S. Sharma | Approved By:- | 1 |





EXISTING FIRST FLOOR PLAN

AREA:14060 SFT

0 2 4 6 8 10 15 20 30 40 50 Feet

Scale:- 1"=24

| | | | | |
|---|---|---|---|---|
| PALPA DURBAR SANGRAHLAYA- PALPA<br>**Province no.5, Nepal** | LOCATION:- Tansen Municipality, Palpa | Consultant:- Arena Development consult Pvt. Ltd. | Checked By:- S. Sapkota | Sheet no 2 |
| | Drawing Title:- Architectural Drawing | Drawn By:- S. Sharma | Approved By:- | |





EXISTING SECOND FLOOR PLAN

AREA:14060 SFT

Scale:- 1"=24

| | | | | |
|---|---|---|---|---|
| PALPA DURBAR SANGRAHLAYA- PALPA<br>**Province no.5, Nepal** | **LOCATION:-**<br>Tansen Municipality, Palpa | Consultant:-<br>Arena Development consult Pvt. Ltd. | Checked By:- S. Sapkota | Sheet no<br>3 |
| | **Drawing Title:-**<br>Architectural Drawing | Drawn By:- S. Sharma | Approved By:- | |





EXISTING TOP FLOOR PLAN

AREA:749.88 SFT




Scale:- 1"=24

| | | | | |
|---|---|---|---|---|
| PALPA DURBAR SANGRAHLAYA- PALPA<br>**Province no.5, Nepal** | LOCATION:-<br>Tansen Municipality, Palpa | Consultant:-<br>Arena Development consult Pvt. Ltd. | Checked By:- S. Sapkota | Sheet no |
| | **Drawing Title:-**<br>Architectural Drawing | Drawn By:- S. Sharma | Approved By:- | 4 |






ROOF FLOOR PLAN




Scale:- 1"=24

| | | | | |
|---|---|---|---|---|
| PALPA DURBAR SANGRAHLAYA- PALPA<br>**Province no.5, Nepal** | LOCATION:-<br>Tansen Municipality, Palpa | Consultant:-<br>Arena Development consult Pvt. Ltd. | Checked By:- S. Sapkota | Sheet no |
| | **Drawing Title:-**<br>Architectural Drawing | Drawn By:- S. Sharma | Approved By:- | 5 |







SOUTH ELEVATION



EAST ELEVATION




WEST ELEVATION





Scale:- 1"=24

| | | | | |
|---|---|---|---|---|
| PALPA DURBAR SANGRAHLAYA- PALPA<br>**Province no.5, Nepal** | LOCATION:-<br>Tansen Municipality, Palpa | Consultant:-<br>Arena Development consult Pvt. Ltd. | Checked By:- S. Sapkota | Sheet no |
| | **Drawing Title:-**<br>Architectural Drawing | Drawn By:- S. Sharma | Approved By:- | 6 |



NORTH ELEVATION




SECTION AT X-X




Scale:- 1"=24

**PALPA DURBAR SANGRAHLAYA- PALPA**

**Province no.5, Nepal**

**LOCATION:-**
Tansen Municipality, Palpa

**Drawing Title:-**
Architectural Drawing

Consultant:-
Arena Development consult Pvt. Ltd.


Drawn By:- S. Sharma

Checked By:- S. Sapkota

Approved By:-


Sheet no

7




# EXISTING SITE PLAN

SITE AREA: 43735 SFT
AS PER FIELD MEASUREMENT




| LEGEND | |
|---|---|
| 1. | SURFACE PARKING |
| 2. | CHILDREN'S PLAYAREA |
| 3. | WATER FOUNTAIN |
| 4. | MANDALA WITH KARUWA |
| 5. | MANDALA WITH DHAKA PAINTING |
| 6. | POND |
| | OPEN GREEN SPACE |
| | TREE |
| | BUSHES |
| | INTERLOCKING BLOCKS |
| | SITTING IRON CHAIR |


# PROPOSED OUTDOOR GARDEN PLAN

0 2 4 6 8 10 15 20 30 40 50 Feet


Scale:- 1"=48

| | | | |
|---|---|---|---|
| PALPA DURBAR SANGRAHLAYA- PALPA<br>**Province no.5, Nepal** | **LOCATION:-**<br>**Tansen Municipality, Palpa** | Consultant:-<br>Arena Development consult Pvt. Ltd. | Checked By:- S. Sapkota |
| | **Drawing Title:-**<br>**Architectural Drawing** | Drawn By:- S. Sharma | Approved By:- |

Sheet no
8




# NORTH GATE PLAN



# NORTH GATE ELEVATION




Scale:- 1"=9'

| | | | | |
|---|---|---|---|---|
| **PALPA DURBAR SANGRAHLAYA- PALPA**<br>**Province no.5, Nepal** | **LOCATION:-**<br>**Tansen Municipality, Palpa** | Consultant:-<br>Arena Development consult Pvt. Ltd. | Checked By:-S. Sapkota | Sheet no<br>9 |
| | **Drawing Title:-**<br>**Architectural Drawing** | Drawn By:- S. Sharma | Approved By:- | |